ehetaudasandesh.com
२५औं वर्ष
हेटौंडा राष्ट्रिय दैनिक
सन्देश
प्रदेश "क" वर्ग
Hetauda Sandesh Daily
वर्षः २५ ॥ अंकः ३२१ ॥ मंगलबार २९ बैशाख २०८३ ॥ दशमी ॥ ने.सं. ११४६ ॥ बछलागा ॥ Tuesday 12 May 2026 ॥ पृष्ठ : ४ ॥ मूल्य: रु.३/-

# विद्यार्थी संगठन प्रतिबन्ध निर्णय कार्यान्वयन नगर्न आदेश

सन्देश संवाददाता

काठमाडौं/सर्वोच्च अदालतले विश्वविद्यालयहरुमा विद्यार्थी संगठनमाथि प्रतिबन्ध लगाउने सरकारको निर्णय तत्काल कार्यान्वयन नगर्न अल्पकालीन अन्तरिम आदेश दिएको छ। अनेरास्ववियु अध्यक्ष दीपक धामीसहित विभिन्न विद्यार्थी संगठनले दायर गरेको रिटमाथि प्रारम्भिक सुनुवाइ गर्दै सर्वोच्च अदालतले सरकारको उक्त निर्णय तत्काल रोक्न आदेश दिएको हो।

न्यायाधीश श्रीकान्त पौडेलको एकल इजलासले अन्तरिम आदेश जारी गर्नुपर्ने वा नपर्ने विषयमा छलफल गर्न दुवै पक्षलाई अदालतमा उपस्थित हुन आदेश दिएको छ। सरकारले हालै विश्वविद्यालय तथा शैक्षिक संस्थाभित्र राजनीतिक गतिविधि नियन्त्रण गर्ने उद्धेश्यसहित विद्यार्थी संगठनमाथि प्रतिबन्ध लगाउने निर्णय गरेको थियो। उक्त निर्णयविरुद्ध विद्यार्थी संगठनहरुले संविधानले प्रत्याभूत गरेको संगठन खोल्ने तथा अभिव्यक्ति स्वतन्त्रताको अधिकारमाथि आघात पुगेको भन्दै सर्वोच्च अदालतमा रिट दायर गरेका हुन्।

# ऋण नतिर्ने 'अभियान चलाउनेलाई कारबाही

सन्देश संवाददाता



काठमाडौं/सर्वोच्च अदालतले लघुवित्त वित्तीय संस्थाहरुको कामकाजमा अवरोध पुऱ्याउने तथा ऋण तिर्दिनँ र नतिर्ने अभियान चलाउनेलाई कारबाही गर्न सरकारका नाममा परमादेश जारी गरेको छ। सर्वोच्चले लघुवित्तविरुद्ध गतिविधि रोक्न सरकार तथा मातहत निकाय सक्रिय हुन आदेश दिएको हो।

विराटनगरका अधिवक्ता सदिन कार्कीसहितले दायर गरेको रिटमा सुनुवाइ गर्दै न्यायाधीशद्वय हरिप्रसाद फुयाँल र बालकृष्ण ढकालको संयुक्त इजलासले लघुवित्तको कार्यसम्पादनमा अवरोध गर्ने व्यक्ति र समूहमाथि कानुनी कारबाही अघि बढाउन परमादेश जारी गरेको छ। ६ पुस, २०८२ मा फैसला गर्दै सर्वोच्चले लघुवित्तसँग सम्बन्धित व्यक्तिलाई कुनै पनि प्रकारको अवरोध भए सरकारले सक्रिय प्रतिवाद गर्न आदेश दिएको हो। सरकारले लघुवित्तविरोधी सम्हूलाई सक्रिय नियन्त्रण गर्न नसकेको पनि सर्वोच्चले औंल्याएको छ।

'लघुवित्त वित्तीय संस्थाको कानुनसम्मत् कार्यसम्पादनमा अवरोध गर्ने जुनसुकै गैरकानुनी कामकारबाहीउपर सक्रियरुरूपमा प्रचलित कानुनबमोजिम प्रभावकारी र शीघ्र कारबाही गर्नू, गराउनू,' परमादेशको पूर्णपाठमा उल्लेख छ–लघुवित्त वित्तीय संस्थाका कामकारबाहीमा कुनै प्रकारको अवरोध हुन नदिनू। लघुवित्त संस्थाविरुद्ध मणिराम ज्ञवाली र दुर्गा प्रसाईंको समूहले ऋण नतिर्ने अभियान सञ्चालन गरिरहेको छ। सोही समूहविरुद्ध अधिवक्ता सुवास पाठक, रितेश पौड्याल, दीपेश ढकाल, सदिन कार्की र विद्यार्थी सम्पूर्ण बस्नेतले लघुवित्तविरुद्ध गैरकानुनी गतिविधि रोक्न माग गर्दै रिट दायर गरेका थिए।

राज्यले कानुन बनाइ सञ्चालन गर्न अनुमति दिएका र सर्वसाधारणको दैनिकीसँग जोडिइ आर्थिक क्रियाकलाप सञ्चालन गर्ने वित्तीय संस्थालाई संरक्षण र सुरक्षा दिनु राज्यको दायित्व भएको सर्वोच्चको व्याख्या छ। 'लघुवित्तमा आबद्ध सदस्यलाई धाक, धम्की दिने, लिएको ऋण कर्जा सुबिधा भुक्तानी गर्न चाहने लाभग्राहीलाई भुक्तानी गर्न नदिने, कर्मचारीमाथि भौतिक आक्रमण गर्ने, लघुवित्तको कार्यालयमा आक्रमण गर्ने, लघुवित्तको धितो संरक्षणमा राखिएको सम्पत्ति असुलउपर गर्दा प्रतिकार गर्ने, कर्जा मिनाहाको झुठो आश्वासन दिइ जबर्जस्ती समितिमा आबद्ध गर्ने लगायत संगठितरुपमा हुने लघुवित्त संस्था विरोधी गैरकानुनी गतिविधि नियन्त्रण गर्न राज्यका निकायले पर्याप्त र प्रभावकारी कारबाही गरेको भन्ने देखिन नआएकाले सो हदसम्म यस अदालतको असाधारण अधिकार क्षेत्र प्रयोग गरी न्यायिक हस्तक्षेप गर्नुपर्ने देखिन आयो,' पूर्णपाठमा छ।

बैंकिङ तथा वित्तीय क्षेत्रमा हुनसक्ने कसुरजन्य कार्यलाई राज्यले घटना भइसकेपछि मात्र प्रतिक्रियात्मक रुपमा नभइ सक्रिय सुरक्षा सतर्कता अपनाउनुपर्ने सर्वोच्चको व्याख्या छ। लघुवित्त बैंकर्स संघले पटकपटक गृह मन्त्रालय र प्रहरीलाई जानकारी गराउँदा पनि ठोस कारबाही नभएको विषयलाई अदालतले गम्भीरतापूर्वक लिएको छ। सर्वोच्चले लघुवित्त क्षेत्रलाई केवल व्यापारिक संस्थाका रुपमा मात्र नभइ गरिबी निवारण र महिला सशक्तीकरणको माध्यमका रुपमा पनि व्याख्या गरेको छ।

नेपाल राष्ट्र बैंकबाट इजाजतपत्र प्राप्त गरी सञ्चालनमा रहेका लघुवित्त वित्तीय संस्था ५२ वटा छ। २०८२ असार मसान्तसम्म ती लघुवित्तका शाखा कार्यालय ५ हजार २६ र १४ लाख ७८ हजार बढी समूह छन्। लघुवित्तमा ६२ लाख २१ हजार सदस्य आबद्ध छन्। जसमध्ये ९७ प्रतिशत् महिला छन्। लघुवित्त वित्तीय संस्थाको लगानी ४ खर्ब ९१ अर्ब हाराहारी छ। लघुवित्तविरुद्ध संघर्ष समिति नामक समूहले चलाएको ऋण नतिर्ने अभियानलाई अदालतले आपराधिक कार्यका रुपमा व्याख्या गरेको छ। अदालतले बैंकिङ सेवालाई आवश्यक सेवा सञ्चालन ऐन, २०१४ अनुसार अत्यावश्यक सेवाको सूचीमा राख्दै यसमा हडताल वा अवरोध गर्न नपाइने कानुनी व्यवस्था स्मरण गराउँदै लघुवित्तमा पनि हडताल गर्न नहुने व्याख्या गरेको छ।

'मुलुकको शासकीय प्रणाली तथा वित्तीय प्रणालीप्रतिको गुनासो, चासो, सरोकारलाई विधिसम्मत रुपले राज्यसमक्ष राख्न सकिने भए पनि विद्यमान वित्तीय प्रणालीविरुद्ध संगठितरुपमा आक्रमण गर्ने, अवाञ्छित बाधाअवरोध सिर्जना गर्ने समेतका कामकारबाही कानुनसम्मत् रहे भएको मान्न सकिँदैन,' सर्वोच्चको फैसला छ–वित्तीय संस्थाविरुद्ध गैरकानुनी गतिविधिलाई राज्यका निकायले थप संवेदनशीलरुपमा बोध गरी चुस्त सुरक्षा व्यवस्था कायम गर्नुसमेत सरकारको दायित्व हुने देखिन्छ।

सुरक्षा निकायको भूमिका पनि कमजोर देखिएको सर्वोच्चको व्याख्या छ। 'नेपाल राष्ट्र बैंककै अध्ययनबाट समेत लघुवित्त वित्तीय संस्थाउपर आन्तरिक तथा वाह्य जोखिम बढ्दो क्रममा रहेको भन्ने देखिएको छ,'।

सर्वोच्चले भनेको छ–यसबाट लघुवित्त वित्तीय संस्थाउपर भइरहेका वा हुनसक्ने गैरकानुनी क्रियाकलाप नियन्त्रणका लागि राज्यका निकायले यथेष्ट र प्रभावकारी कारबाही गरिरहेको भन्ने देखिन आएन।

*खेलकुदले युवामा ऊर्जा भर्छ*

# देश निर्माणमा युवाकै भूमिका महत्वपूर्ण मेयर लामा

सन्देश संवाददाता



हेटौंडा/उपमहानगरपालिकाकी मेयर मीनाकुमारी लामाले खेलकुदले युवामा ऊर्जा, अनुशासन र आत्मविश्वास भरिने बताएकी छन्।

सोमबार मकवानपुर जिल्ला खेलकुद विकास समितिको आयोजनामा सुरु भएको १६ औं राष्ट्रपति रनिङ शिल्ड छनोट प्रतियोगिताको उद्घाटन कार्यक्रममा बोल्दै मेयर लामाले युवालाई खेलकुदले ऊर्जा भर्ने बताएकी हुन्। खेलकुदमार्फत राष्ट्र निर्माणमा युवाको भूमिका महत्वपूर्ण हुने उल्लेख गर्दै उनले युवालाई खेल क्षेत्रमा अनुशासित भएर लाग्न आग्रह गरिन्।

उनले खेलकुदलाई स्वस्थ, अनुशासित र जिम्मेवार समाज निर्माणको आधारका रूपमा व्याख्या गर्दै विद्यालय तहदेखि नै खेल गतिविधिलाई प्राथमिकता दिनुपर्नेमा जोड दिइन्।

युवालाई कुलत र विकृतिबाट टाढा राख्न खेलकुद प्रभावकारी माध्यम बन्न सक्ने उनको भनाइ थियो। मेयर लामाले प्रतियोगितामा सहभागी सम्पूर्ण खेलाडीलाई उत्कृष्ट प्रदर्शनका लागि शुभकामना दिँदै खेल भावना, अनुशासन र प्रतिस्पर्धात्मक क्षमतासहित अघि बढ्न आग्रह गरिन्। प्रतियोगिता आयोजना गरेकोमा मकवानपुर जिल्ला खेलकुद विकास समिति, प्रशिक्षक, शिक्षक तथा सहयोगी सबै पक्षप्रति धन्यवाद व्यक्त गर्दै उनले यस्ता प्रतियोगिताले जिल्लामा खेलकुद क्षेत्रको विकास र प्रतिभा पहिचानमा टेवा पुग्ने विश्वास व्यक्त गरिन्। जिल्ला स्तरीयबाट प्रदेशस्तरीय खेलका लागि छनोट हुने सबै खेलाडीलाई अग्रिम शुभकामनासमेत दिइन्।

जिल्ला खेलकुद विकास समितिका अध्यक्ष राजकुमार मोक्तानका अनुसार प्रतियोगितामा एथलेटिक्सतर्फ १००, २००, ४००, ८००, १५०० र ३००० मिटर दौड, रिले दौड, हर्डल्स, लङ जम्प, हाइ जम्प, ट्रिपल जम्प, सटपुट, ज्याभलिन थ्रो र डिस्कस थ्रोलगायतका खेलहरू समावेश गरिएको छ।

विद्यालयस्तरमै खेलाडीको प्रतिभा पहिचान गर्दै उनीहरूलाई राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरसम्म पुग्न सहयोग पुऱ्याउने उद्देश्यले प्रतियोगिता आयोजना गरिएको हो। कार्यक्रममा सहभागी खेलाडीलाई उत्कृष्ट प्रदर्शनका लागि शुभकामना दिँदै खेलकुदले अनुशासन, आत्मविश्वास र नेतृत्व क्षमता विकास गर्ने माध्यम भएको बताइएको छ।

# सभामुख रिक्तताप्रति चासो, शीघ्र निर्वाचन गर्न 'आग्रह



सन्देश संवाददाता

हेटौडा/बागमती प्रदेश सभाको शिक्षा, स्वास्थ्य तथा कृषि समितिले लामो समयदेखि रिक्त रहेको सभामुख पदप्रति गम्भीर चासो व्यक्त गरेको छ। गत असोज १ गतेदेखि प्रदेश सभाको नेतृत्व गर्ने सभामुख पद रिक्त रहनु केवल प्रक्रियागत विषय नभई संसदीय गरिमा, संस्थागत प्रतिष्ठा, लोकतान्त्रिक उत्तरदायित्व तथा जनविश्वाससँग प्रत्यक्ष जोडिएको संवेदनशील विषय भएको ठहर गरेको हो।

समितिले संसद जनताको सार्वभौम अभिव्यक्तिको केन्द्र भएकाले नेतृत्वविहीन अवस्थाले शासन प्रणालीप्रति अनावश्यक अन्योल र सन्देह सिर्जना गरेको निष्कर्ष निकालेको हो। बैठकले राजनीतिक दलहरूबीच संवाद, सहमति र जिम्मेवार पहलमार्फत् यथाशीघ्र सभामुख पदको निर्वाचन सम्पन्न गरी प्रदेश सभाको संस्थागत मर्यादा र जनविश्वास सुदृढ बनाउन बागमती प्रदेशका मुख्यमन्त्री, उपसभामुख तथा प्रदेश सभामा प्रतिनिधित्व गर्ने सबै संसदीय दलका नेतालाई गम्भीर ध्यानाकर्षण गराउने निर्णय गरेको जनाएको छ।

यस्तै, समितिले प्रदेशमा देखिएको गुणस्तरीय बीउबिजन तथा रासायनिक मल अभावको विषयमा पनि चासो व्यक्त गरेको छ। रोपाइँको मुख्य समयमा किसानले मल र बीउ सहजरूपमा नपाउँदा उत्पादनमै असर परेको भन्दै समितिले कृषि तथा पशुपन्छी विकास मन्त्रालयलाई वितरण प्रणाली प्रभावकारी, पारदर्शी र किसानमैत्री बनाउन अवलम्बन गरिएका प्रयासबारे जानकारी गराउन निर्देशन दिने निर्णय गरेको छ।

# सुकुम्बासी परिवारलाई अस्थायी बासस्थान कष्टपूर्ण



काभ्रे/राजधानीका विभिन्न स्थानबाट हटाइएका सुकुम्बासीका परिवार यतिबेला बनेपाको अस्थायी बासस्थानमा कष्टपूर्ण जीवन बिताइरहेका छन्। पटकपटक बस्ने ठाउँ सारिँदा बालबालिका, सुत्केरी, अशक्त र ज्येष्ठ नागरिक सबभन्दा बढी पीडित बनेका छन्।

उनीहरुको पीडा केवल छानो र खानासम्म सीमित छैन। अपमान, विभेद र असुरक्षाले उनीहरुको मन भतभती पोलिरहेको छ। 'खाने टुंगो छैन। खाना खान जाँदा र फर्कंदा स्थानीयहरु लाइन लगाएर भिडियो खिच्छन्। बच्चादेखि हामीसम्मलाई ह्यारेसमेन्ट गर्न थाले,' आँखा रसाउँदै एक महिलाले भनिन्–हुर्कंदै गरेका छोरीहरु छन्। जतिबेला जे पनि होला भन्ने डर छ। न सुरक्षित कोठा छ, न त परिवारजस्तो वातावरण।

काम गरेर परिवार चलाइरहेका धेरैका हात बाँधिएका छन्। 'हामी भिख मागेर होइन, काम गरेर खाएका मानिस हौं,' अर्की महिलाले भनिन्–सरकारले लखेटेपछि काम छुट्यो, बच्चाको पढाइ छुट्यो। अब कहाँ जाऊँ? आफन्त छुटे। समाजले लुट्यो। उनका अनुसार हाल बालबालिका पढाइ टुटेपछि उनीहरु गलत बाटोतर्फ जाने चिन्ताले अभिभावकलाई सताउन थालेको छ। 'लाइनमा बसेर खाना खानुपर्दा भन्दा त्यहाँ प्रयोग हुने बचनले आत्मा रोयो। खानाको व्यवस्थासमेत व्यवस्थित छैन। लाइनमा बस्यो, प्लेट खोज्यो, अनि खाना लियो,' एक पुरुषले गुनासो गरे, पाखुरा हुनेहरुले त काम गरेर खाने हो नि। यसरी लाइनमा बसेर खानुपर्दा आत्मा नै रोयो।

बैशाख १२ गतेदेखि विस्थापितहरु बैशाख २४ गते राति बनेपा ल्याइएका हुन्। २६ बालबालिकासहित १ सय १० जना बनेपाको बुडोलस्थित नेपाल रेडक्रस सोसाइटीको तालिम केन्द्रमा राखिएका छन्। ६० जनाको क्षमता रहेको भवनमा दोब्बर मानिस राखिँदा बसाइ अस्तव्यस्त छ। शहरी विकास मन्त्रालयअन्तर्गत् अधिकारसम्पन्न बागमती सभ्यता एकीकृत विकास समितिले रेडक्रसमार्फत् १ सय ५४ जनाको व्यवस्थापन गर्न आग्रह गरेको थियो। तर, तालिम केन्द्रमा पर्याप्त जनशक्ति, भान्सा वा आवश्यक पूर्वाधार छैन। शुरुका दुई दिन उग्रचण्डी होटलमा खाना खुवाइए पनि त्यसपछि शिविरबाट करिब १५ मिनेट टाढा रहेको सूर्यदर्शन पार्टी प्यालेसमा खाना खाने व्यवस्था मिलाइएको रेडक्रस तालिम केन्द्र प्रमुख कपिल कार्कीले भने।

'दिनको दुई पटकमात्र खाना पाइन्छ,' एक आमाले भनिन्–ठूला मान्छे त भोकै बसौंला, तर साना बच्चाको पेट कसरी अघाउने? उनका अनुसार खाना खान जाँदा बाटोमा हुने दुर्व्यवहारले झन् मन दुखाउँछ। पार्टी प्यालेसमा समेत आफूहरुलाई हेर्ने दृष्टि अपमानजनक भएको उनीहरुको गुनासो छ। आफैं खानलाई पैसा छैन, काम गरेर खानलाई काम छैन, पेटभर खान पनि सकस रहेको उनीहरुको गुनासो छ। ९ दिनकी सुत्केरीलाई तीन स्थानमा सारिसक्यो सरकारले। न सुत्केरी हुँदा गर्नुपर्ने स्याहार, न बच्चाको रेखदेख र पौष्टिक खाना। अपरेसन गरिएको घाउसमेत ओभाउन नपाउँदै दौडादौड गरिएको उनको गुनासो छ। बच्चाको खोप, उपचारको प्रवन्ध केही हुन नपाएको उनीहरुले बताए।

कार्कीले विहान चिया बिस्कुट र दिउँसो सामान्य खाजाको ब्यवस्था गरे पनि पर्याप्त हुन नसकेको बताए। 'कसले, कसरी गर्ने कुनै निर्णय र निर्देशन छैन,' उनले भने–यो ७७ जिल्लाकै तालिम हुने स्थान हो। कतिञ्जेल यो अस्तव्यस्त राखिरहने हो? हामीले सरकारलाई तत्काल स्थायी ब्यवस्थापनका लागि अनुरोध गरेका छौं।

बिरामी परे उपचारको समेत टुंगो छैन। शिविरमा ४५ पुरुष र ६४ महिला छन्। १६ बालिका, १० बालक, अटिजम भएका बालक, दृष्टिविहीन व्यक्ति र १६ जना ज्येष्ठ नागरिक पनि त्यहीं छन्। तर, कसैलाई अचानक बिरामी परे उपचार कसरी गर्ने भन्ने अन्यौल छ। 'एम्बुलेन्स बोलायो भने पैसा कसले तिर्ने ?,' एक ज्येष्ठ नागरिकले प्रश्न गरे। शनिबार साँझ एक पुरुष लडेर घाइते भए। अस्पताल लैजानसमेत कठिन भयो। अर्की एक आमा बिरामी बच्चा बोकेर अस्पताल पुगिन्, तर उपचार गराउन सकिनन्।

सबभन्दा पीडादायी कुरा त के भने उनीहरु बसेको स्थान नजिक विद्यालय छन्। तर, उनीहरुका बालबालिका पढ्नबाट वञ्चित छन्। 'हामी फेरि स्कुल जान पाए हुन्थ्यो,' शिविरमा रहेका बालबालिकाहरुले भने। ज्येष्ठ नागरिकको चाहना पनि साधारण छ। कहीं स्थायी बस्ने ठाउँ बनाइदिए हुन्थ्यो। काम गर्ने अवसर दिए हुन्थ्यो। धेरै परिवारको सामान र सम्पत्ति हटाउने क्रममा नष्ट भएको छ। त्यो पीडाभन्दा पनि सुकुम्बासी भन्दै गरिने गाली र अपमानले उनीहरुलाई भित्रभित्रै तोडेको छ। 'पीडा सुनाउँदा पनि अश्लील गाली सुन्नुपर्छ,' एक महिलाले भनिन्–गरिब हुनु अपराध हो र? हाल बनेपाको अस्थायी शिविरमा मानिसहरु केवल बाँचिरहेका छैनन्, आफ्नै अस्तित्व जोगाउन संघर्ष गरिरहेका छन्। परिवार सिनामंगल, गैरीगाउँ, वंशीघाट, बालाजु लगायत स्थानबाट बालाजुको होटलबाट बैशाख २४ गते ल्याइएका थिए।

## थाहा नगरका विद्यालय 'आइतबार पनि सञ्चालन हुने



सन्देश संवाददाता

हेटोडा/मकवानपुरको थाहा नगरपालिकाले नगरभित्रका सबै विद्यालय आइतबारसमेत सञ्चालन गर्ने निर्णय गरेको छ। थाहा नगर शिक्षा समितिको सोमबार बसेको बैठकले शैक्षिक गुणस्तर सुधार, विद्यार्थीको सिकाइ उपलब्धि अभिवृद्धि तथा नियमित पठनपाठनलाई थप प्रभावकारी बनाउने उद्देश्यसहित आइतबार पनि विद्यालय सञ्चालन गर्ने निर्णय गरेको हो।

नगरपालिकाका अनुसार सार्वजनिक बिदा, विभिन्न कार्यक्रम तथा अन्य कारणले शैक्षिक गतिविधि प्रभावित हुँदै आएको अवस्थालाई मध्यनजर गर्दै अतिरिक्त पठनपाठन आवश्यक ठहर गरिएको हो। सोहीअनुसार नगरभित्र सञ्चालित सामुदायिक तथा संस्थागत सबै विद्यालयमा आइतबार नियमित कक्षा सञ्चालन गरिनेछ।

शिक्षा समितिले निर्णयको प्रभावकारी कार्यान्वयनका लागि विद्यालय व्यवस्थापन समिति, प्रधानाध्यापक, शिक्षक, अभिभावक तथा विद्यार्थी सबै पक्षलाई आवश्यक समन्वय र सहयोग गर्न आग्रह गरेको छ। नगरपालिकाको यो निर्णयले विद्यार्थीको सिकाइ समय वृद्धि हुनुका साथै शैक्षिक उपलब्धि र पठनपाठनको गुणस्तरमा सकारात्मक प्रभाव पर्ने बताएको छ।



**उखान:** शहर र गाउँमा दुई फरक छन् ।

**बेलाको बोली**

जंगलमा दुई बाटो छुट्टिएका थिए, मैले सबैभन्दा कम हिडिने बाटो रोजे र यसले नै मेरो सबै थोक बदलिदियो । - *रोबर्ट फ्रष्ट*

## सम्पादकीय

# जोखिम कम गर्न पूर्वतयारीमा जुटौं

*जल तथा मौसम विज्ञान विभागले आगामी १८ जेठदेखि १४ असोजसम्मको चार महिनामा देशका अधिकांश स्थानमा सरदरभन्दा कम पानी पर्ने तथा अधिकतम र न्यूनतम तापक्रमसमेत औसतभन्दा बढी रहने अनुमान सार्वजनिक गरेको छ । कर्णाली, बागमती र कोशीका उत्तरी भूभागबाहेक देशका धेरैजसो क्षेत्रमा वर्षा कम हुने देखिएकाले विशेषगरी तराईको धान खेती नराम्ररी प्रभावित हुने जोखिम देखिएको छ । नेपालका सबै कृषियोग्य भूमिमा सिंचाई सुविधा नपुगेकाले अझै पनि ठूलो संख्यामा किसानहरू आकाशे पानीकै भर पर्नुपर्ने बाध्यता छ । यस्तो अवस्थामा लामो खडेरी हुँदा सिंचाई सुविधा पुगेका जमिनमा समेत पानीको अभाव हुने निश्चित छ । त्यसैले यो पूर्वानुमानलाई एउटा गम्भीर पूर्वसूचनाका रुपमा लिएर कम पानीमा पनि राम्रो उत्पादन दिनसक्ने धान खेतीतर्फ किसानलाई प्रोत्साहित र सहयोग गर्नु आवश्यक छ ।*

*जलवायु परिवर्तन र बदलिँदो मौसमी चक्रले नेपालको कृषि र जनजीवनमा गम्भीर संकट निम्त्याउँदै लगेको छ, जसले अन्ततः खाद्य सुरक्षामा ठूलो चुनौती खडा गर्ने देखिन्छ । मुख्यतया आकाशे पानीमा निर्भर धान रोपाईं प्रभावित हुँदा उत्पादन घट्ने, खाद्यान्नको मूल्य बढ्ने र आयातमा परनिर्भरता अझै बढ्ने खतरा छ । किसानले ऋण लिएर गरेको लगानी बालीसँगै नष्ट हुँदा ग्रामीण अर्थतन्त्र धराशायी हुने र जीविकोपार्जनका लागि युवाहरू वैदेशिक रोजगारीमा पलायन हुने क्रम अझ तीव्र बन्न सक्छ । खडेरीले पानीका मुहान सुक्ने र जैविक विविधतामा ह्रास आउँदा जनस्वास्थ्य र वातावरणमा समेत दीर्घकालीन नकारात्मक असर पर्ने निश्चित छ ।*

*परम्परागत जलस्रोतको पुनरुत्थानतर्फ पनि उत्तिकै ध्यान दिनु जरुरी छ । स्थानीय तहले कृषि प्राविधिकहरुलाई प्रत्यक्षरुपमा किसानको खेतबारीमा परिचालन गरी मौसमको पूर्वसूचना र परामर्श उपलब्ध गराउनुपर्छ । बाली बीमालाई अनिवार्य र पहुँचयोग्य बनाउने, आपतकालीन बिउ बैंक स्थापना गर्ने र उत्पादित वस्तुको सुरक्षाका लागि शीतभण्डार निर्माण गर्ने जस्ता कार्यले किसानको लगानी सुरक्षित गर्न मद्दत पुऱ्याउँछन् । स्थानीय सरकारले बजेट विनियोजन विपत् व्यवस्थापन कोषलाई प्राथमिकतामा राखेर जलवायुजन्य संकटको सामना गर्दै ग्रामीण अर्थतन्त्र जोगाउनेतर्फ दृढताका साथ लाग्नु आवश्यक छ ।*

**मकवानपुरमा आज**

१: जानकारीमा नआएको

# भारतीय निर्वाचनमा वामपन्थी



✍डा. दीपेश केसी



अहिले भारतको कुनै पनि राज्यमा कम्युनिष्ट शासन छैन । सन् २०२६ को विधान सभा चुनावमा कम्युनिष्ट सरकार रहेको केरलामा भारतीय कम्युनिष्ट पार्टी मार्क्सवादी पराजित भएसँगै यो अवस्था आएको हो । यसलाई स्वतन्त्रता पछि भारतको राजनीतिक इतिहासमा महत्वपूर्ण घटनाका रूपमा लिइएको छ । भारतमा कम्युनिष्टरू सत्तामा आउने सम्भावनामा पूर्णविराम लागेको अवस्थाका रूपमा पनि यस घटनालाई चित्रण गर्न थालिएको छ ।

चुनावअघिसम्म सत्तारूढ भारतीय कम्युनिष्ट पार्टी (भाकपा) मार्क्सवादी केरलामा प्रमुख प्रतिपक्षी बनेको थियो । कुनै बेला भारतमा वामपन्थीहरूको उर्वर भूमि मानिएको पश्चिम बंगालको विधान सभा चुनावमा एक सिट मात्र जितेको छ कम्युनिस्ट पार्टीले । भारत स्वतन्त्र भएपछि कम्युनिष्टहरू कतिपय राज्यमा कंग्रेस आईको प्रमुख प्रतिद्वन्द्वी नै बनेका थिए । सन् १९५१ को चुनावपछि कम्युनिष्टहरूको सम्मानजनक सिट हासिल हुँदै आएको थियो । सन् १९७७ मा पश्चिम बंगालको विधान सभामा जित हासिल गर्दै कम्युनिष्ट पार्टीको शासन चल्यो । ३४ वर्षसम्म कम्युनिष्टहरूलाई पश्चिम बंगालमा कसैले हल्लाउन सकेन । सन् २०११ को चुनावमा तृणमूल कग्रेसबाट भारतीय कम्युनिष्ट पार्टी पराजित भएपछि पश्चिम बंगालमा कम्युनिष्ट युगको अन्त्य भयो । उनीहरू यति छिटो झर्दै गए कि लोक सभाको त के कुरा विधान सभा चुनावमा समेत बिउ जोगाउन संघर्ष गर्न थाले । सन् २०२६ मा एकजना कम्युनिष्ट उम्मेदवारले संघर्षपूर्ण जित हासिल गरेका छन् ।

पश्चिम बंगाल जस्तै त्रिपुरा राज्य कम्युनिष्टहरूको पकडक्षेत्र मानिन्थ्यो । यहाँ सन् १९७८ देखि पाँच वर्षबाहेक सन् २०१८ सम्म कम्युनिष्टहरूले कुल ३५ वर्ष शासन गरे । केरलामा कम्युनिष्टहरूले ४३ वर्ष शासन गरे । सन् १९५७ यता पटक पटक विधान सभामा बहुमत ल्याई शासनमा रहे । शासनमा नरहे पनि प्रमुख प्रतिपक्षी बनिरहे । सन् २०२६ मा कम्युनिष्ट शासन अन्त्य भएको राज्य केरला पनि हुन पुगेको छ । कम्युनिष्टप्रति भारतभर विकर्षणको प्रभावको असरले अब उनीहरू फेरि सत्तामा आउने सम्भावनाको ढोका बन्द भएको देखिन्छ ।

**पश्चिम बंगालको असर :**

भारतमा कम्युनिष्टको उर्वर भूमि थियो- पश्चिम बंगाल । रुसको अक्टोबर क्रान्तिको असर भारतमा समेत परेको थियो । भारतमा सन् १९२० को दशकमा कम्युनिष्ट विचारले जरा गाड्न थाल्यो । विशेष गरी पश्चिम बङ्गालमा कम्युनिष्टहरू संगठन बनाउँदै गए । भारतभर मात्र नभई नेपाललगायत छिमेकी देशहरूमा पनि पश्चिम बङ्गालबाट कम्युनिष्ट विचार फैलिएको थियो । हाल नेपालका कम्युनिष्टको मूल जरो नेपाल कम्युनिष्ट पार्टी (नेकपा) को स्थापना पनि बङ्गालमा भएको थियो । पुष्पलाल श्रेष्ठको नेतृत्वमा कोलकातामा नेकपा स्थापना भएको थियो । यसबाट पनि नेपालमा कम्युनिष्ट विचार बङ्गालको कम्युनिष्ट राजनीति हुँदै भित्रिएको देखिन्छ । स्वतन्त्रताअघि नै कम्युनिष्टहरू जरा फैलाउँदै थिए भारतमा । स्वतन्त्रतापछि कतिपय कम्युनिष्ट घटकहरू चुनावमा पनि सहभागी हुन थाले ।

भारत स्वतन्त्र भएपछिको पहिलो चुनावमै पश्चिम बङ्गालमा कम्युनिष्टहरू बलियो अवस्थामा थिए । सन् १९५१ र ५२ बिच भएको लोक सभा चुनावमा पश्चिम बङ्गालमा कम्युनिष्ट पार्टीले पाँच सिट जित्दै दोस्रो स्थान बनाएको थियो । उनीहरूले सिट संख्या बढाउँदै लगे । सन् १९७१ मा लोक सभामा २० सिट जित्दै पश्चिम बङ्गालमा कङ्ग्रेस आईलाई उछिन्न सफल भए । सन् २००४ सम्म पश्चिम बङ्गालमा कम्युनिस्टहरू बलियो रहे । भाकपा मार्क्सवादीले २६ र भारतीय कम्युनिष्ट पार्टीले लोक सभामा तीन सिट जितेका थिए तर सन् २०११ को विधान सभा चुनावपछि कम्युनिष्ट पार्टी ओरालो लाग्न थाल्यो । तृणमूल कङ्ग्रेस पश्चिम बङ्गालको सत्तामा उक्लियो । कम्युनिस्ट पार्टी सत्ताबाट हटेन मात्र, चुनावमा तेस्रो स्थानमा झऱ्यो ।

सन् २०१४ मा कम्युनिस्ट पार्टीले पश्चिम बङ्गालमा लोक सभामा दुई सिट ल्याउँदा भाजपाले पनि दुई सिट ल्यायो तर सन् २०१९ को चुनावमा कम्युनिस्टहरू शून्य भए । भाजपाले १८ सिट जित्यो । सन् २०२४ मा पनि कम्युनिस्ट पार्टी शून्य भयो । भाजपाले १२ सिट जित्यो । सिट संख्या बढाउँदै लगेर १९६९ मा कम्युनिस्ट पार्टी सत्तामा पुगेर ३४ वर्षको शासन सन् २०११ मा अन्त्य मात्र भएन, अहिले बिउ जोगाउनै झण्डै मुस्किल भयो । सन् १९७७ देखि २०११ सम्म भारतीय कम्युनिस्ट पार्टी मार्क्सवादीको एकल बहुमत रह्यो पश्चिम बङ्गालमा । सन् १९८७ मा त दुई तिहाइ सिट जितेको थियो । सन् २०२१ मा शून्यमा झर्न पुग्यो । त्यसको ठिकविपरीत सन् २०१६ को विधान सभा चुनावमा तीन सिट जितेको भाजपा सन् २०२१ मा ७७ सिटका साथ दोस्रो दल बन्न सक्यो । सन् २०२६ मा पश्चिम बङ्गलाको विधान सभा चुनावमा भाजपाले २०७ सिट जित्दा कम्युनिष्ट पार्टीले एक सिट मात्र जित्यो । मोहम्मद मोस्तफाजुर रहमानले दोमकल क्षेत्रबाट जिते । उनले कम्युनिस्ट पार्टीको बिउ जोगाए ।

**कम्युनिष्ट अस्तित्व :**

भारतमा कम्युनिष्टहरू अस्तित्वका लागि संघर्षरत छन् । कुनैबेला कतिपय राज्यमा उनीहरू सत्तामा थिए । विद्यार्थी राजनीतिमा उनीहरू ठुला विश्वविद्यालयमा समेत हाबी देखिन्थे । त्यसमा बिस्तारै पहिरो गइरह्यो । कम्युनिस्टहरूको पतन यसरी भयो कि उनीहरू भारतको स्वतन्त्रताको ७० वर्षपछि अस्तित्व रक्षाका लागि मरिमेट्नु पर्ने अवस्थामा पुगे । लोक सभाको ५५४ सिटमा उनीहरूको आठ सिट मात्र छ । त्यो सिट तीन वटा कम्युनिस्ट घटक जोड्दाको हो । उनीहरूले तामिलनाडुबाट चार, विहारबाट दुई र केरला र राजस्थानबाट एक एक सिट जितेका थिए । कङ्ग्रेस आई नेतृत्वको प्रतिपक्षीहरूसँग गठबन्धन बनाएर चुनाव लड्दा यो संख्याको सिट जितेका हुन् ।

भारतमा पश्चिम बङ्गाल, केरला, तामिलनाडु, आसामलगायत राज्यहरूमा भएको विधान सभा चुनावको नतिजाले कम्युनिस्ट पार्टीहरू निकै कमजोर अवस्थामा पुगेको देखाउँछ । भारतमा कम्युनिस्टहरू कमजोर हुँदै जानुमा बोल्ने एउटा गर्ने अर्को भएर पनि हो । उनीहरूले शासन गरेका राज्यमा गरिबी र बेरोजगारी झन् बढ्यो । स्वर्ग जस्तै समाजको परिकल्पना गर्ने तर नर्कको हालतमा पुऱ्याउने शैली देखियो । बेथिति र विसङ्गति पनि कम्युनिस्ट शासनमा चुलियो । कम्युनिस्ट पार्टीबाट केरलाका मुख्यमन्त्री बनेका पिनारायी विजयन र उनको परिवार ठुलो भ्रष्टाचारमा मुछिए । आर्थिक अनियमितताका अलावा सहकारी बैङ्कहरूको अनियमितता प्रकरणले कम्युनिष्ट सरकार बदनाम भयो । पश्चिम बङ्गालमा ज्योति बसु र बुद्धदेव भट्टाचार्य जस्ता हस्ती कम्युनिस्ट नेताले सत्ता चलाएका थिए । बसुलाई भारतको प्रथम कम्युनिस्ट प्रधानमन्त्री बन्ने अवसर आएको थियो सन् १९९६ मा । त्यतिबेला युनाइटेड फ्रन्ट गठबन्धनले बसुलाई प्रधानमन्त्रीको प्रस्ताव गरि सकेको थियो तर उनको दल भाकपा मार्क्सवादीले सरकारको नेतृत्व नगर्ने निर्णय लियो । यो घटनालाई ज्योति बसुले ऐतिहासिक भूल भने । उनले भने जस्तै भयो । कम्युनिस्टहरू पश्चिम बङ्गालबाट पतनको मार्गमा पुगे ।

विश्वमै कम्युनिस्ट युगको अन्त्य हुँदै गएको छ । यसको असर भारतको कम्युनिस्ट राजनीतिमा प्रत्यक्ष देखिँदैछ । सोभियत संघको विघटनपछि रुस र पूर्वी सोभियत देशहरूमा कम्युनिस्टको पतन भयो । त्यसको असर भारतमा पनि परेको देखिन्छ । विश्व व्यवस्थामा आएको फेरबदल, पुँजीवादको उत्कर्ष, नयाँ पुस्तामा कम्युनिस्ट सिद्धान्तप्रतिको विकर्षणले पनि कम्युनिस्टहरूको अस्तित्वको लडाइँमा सीमित हुँदै गएका छन् । कम्युनिस्ट कार्यकर्ताको कठिन जीवनयापन र नेताहरूको विलासी जीवनशैली छताछुल्ल हुन थालेपछि पार्टीप्रति नै अविश्वास बढ्न पुग्यो, जसका कारण चुनावी मैदानमा कम्युनिस्टहरू बिउ जोगाउने संघर्षमा सीमित हुन थाले ।

**नेपालमा असर :**

नेपालमा कम्युनिस्ट पार्टी स्थापनामा पश्चिम बङ्गालको कम्युनिस्ट राजनीतिको प्रत्यक्ष असर छ । दक्षिण एसियाका कम्युनिस्ट पार्टीहरू बिच गहिरो सम्बन्ध छ । नेपालमा कम्युनिस्टहरू तब तब बलिया देखिएका छन्, जब जब भारतमा कम्युनिस्टहरूको सत्तामा बलियो प्रभाव रहने गरेको थियो । भारतमा कम्युनिस्टहरूको सत्तामा बलियो पहुँच हुँदा गणतन्त्र र धर्मनिरपेक्षको उद्देश्य बोकेको तत्कालीन सशस्त्र विद्रोही माओवादीले फस्टाउने मौका पाएका थिए । नेपाली कांग्रेस र नेकपा (एमाले)सहित सात दलको विद्रोही माओवादीसँग १२ बुँदे समझदारी हुँदा भारतका वामपन्थी नेताहरूको भूमिका देखिएको थियो । भाकपा मार्क्सवादीका नेता सीताराम यचुरीले माओवादीलाई शान्ति प्रक्रियामा ल्याउँदा मुख्य भूमिका खेलेका थिए । यचुरी भाकपा मार्क्सवादीका महासचिवसमेत बने । अहिले भारतको सत्तामा कम्युनिस्टहरूको पहुँच र प्रभाव रहेन । यसको असर नेपालसम्म परिरहेको छ ।

नेपालमा पश्चिम बङ्गालकै शैलीमा कम्युनिस्टहरू उभिएका छन् । जेनजी विद्रोहले कम्युनिस्ट नेता केपी ओलीको सत्ता ढाल्यो । २०८२ फागुनमा भएको प्रतिनिधि सभा चुनावले कम्युनिस्टहरू २०४८ सालको चुनावयताकै कमजोर हालतमा पुगे । कुनै बेला दुई तिहाइ सिट जितेका कम्युनिस्ट अहिले तेस्रो र चौथो स्थानमा झरेका छन् । नयाँ पुस्तामाझ कम्युनिस्ट पार्टीहरू अलोकप्रिय छन् । यही गतिमा नेपालको राजनीति बढिरहे नेपालमा पनि भारतमा जस्तै कम्युनिस्टहरू अस्तित्वको लडाइँमा सीमित हुनुपर्नेछ ।

साभार : अनलाइन खबर

## तपाईंको आज

| | | | |
|---|---|---|---|
| मेष | सहयोगको आशा देखाउनेहरूबाटै धोका पाइएला । व्यावसायिक काममा खर्च बढ्नेछ । अरूका काममा महत्वपूर्ण समय बित्न सक्छ । | बृष | आजका योजना पूर्ण कार्यान्वयन नहुन सक्छन् । सोचेको काम समयमा सम्पादन गर्न नसकिने र अवसर फुत्कने सम्भावना देखिन्छ । |
| मिथुन | तत्काल लाभ नभए पनि पछिका लागि काम गर्ने समय छ । उपलब्धिका लागि केही समय प्रतीक्षा गर्नुपर्ला, कामको चाप बढ्नेछ । | कर्कट | सहयोगीहरूले राम्रो साथ दिनेछन् भने पहिलेको सफलताले पनि थप काम गर्न हौसला प्रदान गर्नेछ । जमघट बढ्नाले आनन्दित भइनेछ । |
| सिंह | स्वादिष्ट भोजनको आनन्द प्राप्त हुनेछ । परिवारजनसँग आत्मीयता बढ्नेछ । परम्परालाई समयसापेक्ष परिवर्तन गर्न सकिने योग देखिएको छ । | कन्या | नयाँ अवसरका साथै आम्दानीका स्रोत फेला पर्नेछन् । श्रमको उचित मूल्यांकन हुनेछ । प्रयत्न गर्दा छोटो समयमै काम बनाउन सकिनेछ । |
| तुला | बिगतका निर्णयले काम बिग्रन सक्छ । बेसुरमा वचन दिने बानीले दुःख पाइनेछ । घर-गृहस्थीमा समस्या आउन सक्नेछ, बाधा पुग्न सक्छ । | बृश्चिक | पुरुषार्थी काम प्रारम्भ हुनेछ । दिगो काममा जग बसाउने मौका छ । विशिष्ट व्यक्तिहरूसँग मित्रता बढ्न सक्छ । भेटघाटले उत्साह जगाउनेछ । |
| धनु | सहयोगीहरूले राम्रो साथ दिनेछन् । रोकिएका काम बन्ने र नयाँ काम सुरु गर्ने समय छ । उद्योग र व्यापारमा विशेष फाइदाको योग छ । | मकर | कामको लागत बढ्नेछ । तत्काल फाइदा उठाउँदा पछिको लाभांश घट्न सक्छ । स्थितिमा सुधार आउनुका साथै विभिन्न अवसरहरु प्राप्त हुनेछन् । |
| कुम्भ | प्रतिस्पर्धीलाई पछि पार्न सकिनेछ । आम्दानी बढ्नेछ । विगतका कर्मको उचित प्रतिफल पाइनेछ । व्यवसायमा राम्रो फाइदा उठाउन सकिनेछ । | मिन | रमाइलो यात्रा गर्ने साइत जुर्न सक्नेछ । मित्रता र प्रेमको बन्धन कसिनेछ भने अतिथिको रूपमा सत्कार प्राप्त हुनेछ भने धनलाभ हुनेछ । |

**हाम्रो सम्पर्क ठेगाना**
हेटौंडा-२, मानसचोक,
फोन: ०५७-५२२२३७, ०५७-५२४२३६
सम्पादक: ९८५५०६७२३६ समाचार शाखा : ९८४५०२१८०३
विज्ञापन शाखा : ९८६७४९१३३६
Email: htd.sandesh@gmail.com
Web: ehetaudasandesh.com

# लामखुट्टेजन्य रोग रोकथामका लागि



✍डा.प्रकाश बुढाथोकी

पोथी एनोफिल्स लामखुट्टेको टोकाइबाट एक मान्छेबाट अर्को मान्छेमा सर्ने (प्रोटोजोअन) प्रजीवाणु सरुवा रोग नै औलो हो । मानिसलाई संक्रमण गरी औलो लगाउने एक कोषीय परजीवीमा प्लाज्मोडियमका चार स्पेसीज पी. फाल्सीपेरम, पी. भाइभेकस, पी. ओभेली र पी. मलेरी पर्दछन् जसमा पी.भाइभेकस सबैभन्दा बढी (९०५ लाई) हुने संक्रामक हो भने पी. फाल्सीपेरमले सबैभन्दा कडा प्रकृतिको घातक औलो रोग लगाउँछ ।

औलो परजीवीको प्रसार औलो पीडित व्यक्तिबाट स्वस्थ व्यक्तिमा पोथी एनोफिल्स लामखुट्टेको टोकाइबाट सर्दछ तर जिम्मेदार तत्वहरुमा प्रसारक लामखुट्टे (पोथी एनोफिल्सको ऱ्यालमा स्पोरोज्वाइट भए नभएको) उपसर्गको भण्डार भएको मानिस (रगतमा ग्यामोटोसाइट भए नभएको) ग्रहणशील व्यक्तिको उपस्थिति (प्रतिरोधात्मक शक्ति नभएको) र उपयुक्त वातावरण (तापक्रम र आद्रता) हुनै पर्दछ ।

***लक्षण तथा चिन्ह :***

गरिब, विपन्न, अशिक्षित तथा पिछडिएका समुदायमा बढी देखिन्छ । औलोको प्रजाति भाइभेक्समा १२-१७ दिन, ओभेलमा १५-१८ दिन र मलेरीमा १८-४० दिन अन्तरविकास काल हुन्छ । तुलनात्मकरुपमा प्रोड्रोमल लक्षण मलेरीमा कडा प्रकृतिको हुन्छ । भाइभेक्स र ओभेलमा ज्वरोको चक्र ४८ घण्टाको फरक वा एकदिन बिराएर प्रत्येक तेस्रो दिन देखिन्छ भने मलेरीमा ७२ घण्टाको फरक वा प्रत्येक चौथो दिनमा देखिने गर्दछ । सबैभन्दा कडा प्रकृतिको औलो फल्सीपेरम औलोको अन्तरविकासकाल एकदेखि दुई हप्ता हुने गर्दछ । औलोका लक्षणहरु देखिनुभन्दा पहिले टाउको दुख्ने, हातखुट्टा तथा जोर्नी दुख्ने, अल्छी लाग्ने, मांसपेशी दुख्ने, ओठमा फोका देखिने, भोक नलाग्ने, जाडो भएर कम्प हुने र नरम वा मन्द ज्वरो आउने गर्दछ । यस्ता लक्षणहरु धेरै दिनसम्म रहन पनि सक्छन् । टाउको असाध्यै दुख्ने, जाडो लागेर कम्प हुने, शरीरका हाडजोर्नीहरु दख्ने, दिन बिराएर ज्वरो आउने, वाकवाकी लाग्ने, वान्ता हुने, खानामा अरुचि हुने, पसिना आएर ज्वरो कम हुँदा शरीर हिउँ जस्तै चिसो हुने, रक्त अल्पताका कारण अनुहार फुसो देखिने, कब्जीयत हुने, फियो र कलेजो सुन्निने औलोका लक्षण हुन् । अन्य लक्षणमा बिरामी गम्भीर रोगी (टाइफाइड अनुहारको) देखिन्छ । रक्तअल्पता भई फुस्रो, कमलपित्त भई पहेंलो देखिनुका साथै कलेजो र फियो बढी ठूलो हुने र थिच्दा दुख्ने गर्दछ ।

**जटिलता :**

सेरीब्रल मलेरिया-बच्चा र वयस्क दुबैमा कन्भल्सन वा बेहोश हुने गर्दछ, आँखाको रेटिनामा रक्तश्राव हुन्छ, आँखाको गति र चालमा असामान्यता, दाह्रा किट्ने बंगारा बाउने, मुख नखोल्ने, अपर मोटर न्युरोन लिजन, पेटको रिफलेक्स नदेखिने हुने गर्दछ । अत्यधिक रक्त अल्पता, मिर्गौला बेकम्मा, शरीरमा ग्लुकोजको कमी, तरल, इलेक्ट्रोलाइट र अम्ल–क्षारमा असर, फोक्सोमा सुजन, रक्तसञ्चार अवरुद्ध, एकाएक रगत बहने, डिआइसी, उच्च ज्वरो, फियो फुट्ने, गर्भवतीमा आमाको मृत्यु, गर्भपतन, पेटमै बच्चा मर्ने, कम तौलको बच्चा जन्मने, उच्च परजीवी, गहिरो खैरो पिसाव हेमाग्लोविन युरिया, ब्ल्याक वाटर फिवर, रेनल फेलर पनि देखिन्छ । पिसाबमा हेमोग्लोबिन देखिई शकमा गई जीवनभरी स्नायुसम्बन्धि कमजोरी रहने वा बिरामीको मृत्यु हुन सक्दछ ।

***लामखुट्टेजन्य रोगहरुको रोकथाम :***

महामारी देखाउने औलो, डेंगु, इन्सेफ्लाइटिस, हात्ती पाइले, कालाजारलगायतका दर्जनौं रोगहरु लामखुट्टेको टोकाइबाट मात्र सर्दछ । संक्रमण फैलिन तथा परजीवीको विकास र जीवन चक्र पूरा हुन लामखुट्टे र मानिस नभई हुँदैन तसर्थ रोकथामका उपाय भन्नासाथ लामखुट्टेको विकास र जीवनचक्र नाश गर्नु पर्दछ । जीवनचक्र पूरा हुन नदिन लामखुट्टेको टोकाइबाट मानिस जोगिनु पर्दछ ।

१: लामखुट्टेको टोकाइबाट बच्नः

घरको झ्यालढोकामा मसिनो जालीको प्रयोग गर्ने । सुत्दा कीटनाशक झुलको प्रयोग गर्ने, पंखा, एयरकुलर, एयरकण्डीसन प्रयोग गर्ने, जाली र झुलको व्यवस्था हुन नसक्ने ठाउँमा लामखुट्टे भगाउने धुप, झोलको प्रयोग गर्ने तथा घर बाहिर जाँदा शरीरको खुला भागमा लामखुट्टे धपाउने मलमको प्रयोग गर्ने वा तोरीको तेल, नीमको तेल वा लामखुट्टे रिपेलेन्ट दलेर बस्ने र सुत्ने र प्रकोप भएको ठाउँमा मोटो कपडा, पूरा शरीर छोप्ने लुगा लगाउने गर्न सकिन्छ ।

२: लामखुट्टेको नाश गर्नेः

करिब ३ देखि ४ साता मात्र बाँच्ने लामखुट्टेलाई फुलबाट वयस्क बन्न करिब दुई साता लाग्छ । आ-आफ्नो घर गोठमा कीटनाशक औषधि छर्कने, औषधि छर्केको ३-६ महिनासम्म लामखुट्टे मर्ने भएकोले किटनाशक छर्केको भित्तामा कम्तीमा तीन महिनासम्म लिपपोत नगर्ने, किटनाशकयुक्त झुलको प्रयोग गर्ने, पानी सोस्ने रुखहरु जामुन, सिमल, मसला रोप्ने तथा घर वरिपरि, सडक वारिपारी, खाल्डाखुल्डी पुर्ने, पोखरी, इनार र कुलोको वरिपरीको घाँसपात सफा गर्ने, मट्टितेल, डिजल, डिडिटी मालाथीयन, क्लोडिन, डेल्ड्रीन छर्कने, जमेको पानी बगाइदिने गर्नपर्छ ।

३: लामखुट्टेको बच्चा विनाश गर्नेः

लामखुट्टेले विशेषगरी जमेको पानीमा फुल पार्ने र प्रजनन गर्ने भएकोले त्यस्ता खाल्डा तुरुन्त पुरिदिएमा वा ७-८ दिनभित्र सुकाउने, जमेको पानीलाई बगाइदिने गर्दा फुल र लार्भाहरु मर्दछन् । गाउँका पोखरी, दह, तलाउ, नाला र खाल्डामा लामखुट्टेको लार्भा खाने माछा पाल्ने, घर वरिपरी जमेको पानीमा मट्टितेल, डिजल, डि.डि.टी. छर्कने र जामुन, सिमल, मसलाजस्ता पानी सोस्ने रुखहरु पानी जम्ने ठाउँमा रोप्नुपर्दछ ।

४: परजीवी नाश गर्नेः

संक्रमित लामखुट्टेले टोकेर केही दिनपछि मात्र ज्वरो आउने भएकोले रगतमा भएका परजीवी जाँच गराइ पत्तँ लगाएपछि औलोको औषधि खाई परजीवी नोक्सान गर्न सकिन्छ ।

५: जनचेतनामा अभिवृद्धि गर्नेः

संक्रमित व्यक्तिको रगत अन्य व्यक्तिमा प्रत्यारोपण गर्नु हुँदैन । औलो रोगको नियन्त्रणप्रति सबैको सहयोग र सहभागिताको अत्यन्त महत्व रहन्छ, जाने बुझ्नेकाले नजानेकालाई सम्झाई बुझाइ गरिदिनु पर्दछ । औलो प्रभावित क्षेत्रमा जानुभन्दा एक हप्ता पहिलेदेखि शुरु भई उक्त क्षेत्र छोडेको चार हप्तासम्म लगातार औषधि खाई औलोको रोकथाम गर्न सकिन्छ । स्पोरोज्वाइट खोप, ब्लडस्टेज खोप र मेरोज्वाइट खोप बजारमा उपलब्ध छ । जसमा मेरोज्वाइट खोप सबैभन्दा सफल ठानिन्छ ।

अन्तमा, विश्व स्वास्थ्य संगठनको परिभाषा अनुसार यदि कुनै स्थानमा लगातार तीन वर्षसम्म स्थानीय औलो रोगीको संख्या शून्य भएमा त्यस स्थानमा औलो निर्मूल र कुनै प्रकारको स्थानीय र आयातित औलो रोगीको संख्या शून्य भएमा त्यस स्थानमा औलोको उन्मूलन भएको मानिन्छ । सरकारी रणनीतिले सन् २०३० सम्ममा औलो रोगको नयाँ संक्रमणदर र मृत्यूलाई ९० प्रतिशतले झार्ने लक्ष्य छ । नेपालको विश्व स्वास्थ्य संगठनको प्राविधिक रणनीतिको आधारमा राष्ट्रिय रणनीतिक योजना २०७०/७१-२०८२/८३ कार्यान्वयनमा छ । दिगो विकास लक्ष्य सन् २०३० मा औलो-रोग अन्त्य गर्नेछ तथापि आयातित औला नै ९५ प्रतिशत बढी भएकाले लक्ष्य भेटाउन कठिन बन्दैछ ।

*साभार : नयाँ युगबोध दैनिक*

# पर्याप्त लगानी नजुट्दा गन्तव्य ओझेलमा

जुम्ला/कर्णाली प्रदेशको जुम्ला जिल्ला नेपाली भाषा, संस्कृति र सभ्यताको उद्गमस्थलका रुपमा परिचित छ। यहाँ भाषा, संस्कृति र सभ्यतासँगै पर्यटन क्षेत्रमा पनि प्रचुर सम्भावना छ। आठ स्थानीय तह र ६० वडामा फैलिएको जुम्लाका सबै पालिकामा प्राकृतिक, धार्मिक तथा सांस्कृतिक दृष्टिले महत्वपूर्ण दर्जनौं पर्यटकीय गन्तव्य छन्। तर, आवश्यक पूर्वाधार निर्माण र प्रभावकारी प्रचारप्रसारको अभावमा ती गन्तव्य ओझेलमा परेका छन्।



असहज बसोबास व्यवस्था, दुर्गम भौगोलिक अवस्था, कमजोर सडकसञ्जाल, खानेपानी, सञ्चार तथा प्रचारप्रसारको अभावजस्ता आधारभूत समस्याले जुम्लाका पर्यटन गन्तव्य प्रभावित भएका छन्। यस्ता समस्यामा स्थानीय सरकारले पर्याप्त ध्यान दिन नसकेको देखिन्छ। स्थानीय तहहरुले पर्यटन प्रवर्द्धनका लागि केही प्रयास गरे पनि सीमित बजेटका कारण आवश्यक लगानी जुट्न सकेको छैन। जुम्लाको सदर मुकाम खलंगामा रहेको प्रसिद्ध चन्दननाथ-भैरवनाथ मन्दिर धार्मिक आस्थाको प्रमुख केन्द्र हो। पछिल्ला वर्षहरुमा यहाँ आन्तरिक तथा वाह्य पर्यटक र तीर्थयात्रीको संख्या बढ्दै गएको छ। दैनिक सयौं भक्तजन दर्शनका लागि पुग्ने यस मन्दिरले जुम्लालाई धार्मिक पर्यटन गन्तव्यका रुपमा स्थापित गर्न महत्वपूर्ण योगदान दिएको छ। गत बैशाखयता मात्र ७ हजारभन्दा बढी पर्यटकले मन्दिर अवलोकन गरेका छन्।

यस क्षेत्रमा करिब २९ करोड लागतमा नेपालकै दोस्रो ठूलो बौद्ध स्तुप निर्माण गरिएको छ, जुन पर्यटकको नयाँ आकर्षण बनेको छ। कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठान र कर्णाली प्राविधिक शिक्षालय पनि आन्तरिक पर्यटकका लागि आकर्षणका केन्द्र बनेका छन्। तातोपानी गाउँपालिकामा गिडी दह, तातोपानी धारा, मष्ट देवता मन्दिर, लाछु ज्युलो (मार्सी धान फल्ने क्षेत्र) र नदैं डाबजस्ता गन्तव्य छन्। समुद्री सतहदेखि करिब ३ हजार ४ सय मिटर उचाईमा रहेको गिडी दह वर्षौंसम्म गुमनाम रहे पनि हाल प्रवर्द्धनका प्रयास सुरु भएका छन्। तर, पर्याप्त पूर्वाधार अभावका कारण अपेक्षित पर्यटक भित्रिन सकेका छैनन्। तिला गाउँपालिकाको नदैं गुफा नयाँ धार्मिक पर्यटन गन्तव्यका रुपमा विकास हुँदैछ। तर, त्यहाँ पुग्न भौगोलिकरुपमा कठिनाइ छ। पदमार्ग निर्माण र प्रभावकारी प्रचारप्रसार अत्यावश्यक रहेको स्थानीय जनप्रतिनिधि बताउँछन्।

पर्यटनबाट समृद्ध बन्न सक्ने सम्भावना बोकेको अर्को क्षेत्र हो गुठीचौर-१ मा रहेको आकाशे ताल र गुठीचौर उपत्यका। पूर्वाधार अभाव हुँदाहुँदै पनि गुगल म्यापको सहायताले सयौं पर्यटक त्यहाँ पुग्ने गरेका छन्। तर आकाशे ताल, गुठीचौर उपत्यका र ठाकुरज्यु क्षेत्रसम्म पुग्ने सडक तथा पदमार्गको अभाव कायम छ। चालु आर्थिक वर्षमा पूर्वाधार निर्माण सुरु गर्ने तयारी भइरहेको जनाइएको छ।

पातारासी गाउँपालिकामा रहेको शंकर झरना आन्तरिक पर्यटकका लागि आकर्षक गन्तव्य बनेको छ। पछिल्ला वर्षमा यसको चर्चा बढे पनि स्थानीय तहले आवश्यक विकासमा चासो नदिएको स्थानीयको गुनासो छ। नापजाँच र पूर्वाधार निर्माणमा ढिलाइ हुँदा यसको सम्भावना उपयोग हुन सकेको छैन। नेपाली भाषा र सभ्यताको उद्गम स्थल मानिने सिंजा क्षेत्रअन्तर्गत् कनकासुन्दरी गाउँपालिकामा कनकासुन्दरी मन्दिर, पाण्डव गुफा, ऐतिहासिक साहुवाडा, लामाथाडा र सिंजा उपत्यका छन्।

ऐतिहासिक महत्वका कारण यहाँ अध्ययन, अनुसन्धान र लेखनका लागि बौद्धिक पर्यटकसमेत पुग्ने गरेका छन्। तर, व्यवस्थित अभिलेख र पूर्वाधार अभावले पर्यटन प्रवर्द्धनमा बाधा पुगेको छ। सिंजा गाउँपालिकामा खस संग्रहालय र केदारनाथ मन्दिर पनि महत्वपूर्ण गन्तव्य हुन्। संग्रहालय निर्माणको पहिलो चरण सम्पन्न भए पनि व्यवस्थापन र पहुँच अभावका कारण पूर्णरुपमा उपयोग हुन सकेको छैन। हिमा गाउँपालिकामा रहेको रुपिछडा झरना प्रमुख पर्यटन गन्तव्य हुनसक्ने सम्भावना बोकेको छ।

तर, पूर्वाधार अभावका कारण यो अझै ओझेलमै छ। प्रारम्भिक नापजाँच सम्पन्न भइसकेको र प्रवर्द्धनका लागि योजना बनाइँदै रहेको जनाइएको छ। जुम्लाका दर्जनौं पर्यटन गन्तव्यहरुले जिल्लाको आर्थिक विकास र रोजगारी सिर्जनामा महत्वपूर्ण योगदान दिन सक्ने सम्भावना बोकेका छन्। तर, स्थानीय तहले पर्यटनमैत्री नीतिनिर्माण र पर्याप्त लगानी जुटाउन नसक्दा यी गन्तव्य ओझेलमा परिरहेका छन्। पर्यटन क्षेत्रको समुचित विकासका लागि दीर्घकालीन योजना, पूर्वाधार निर्माण, प्रभावकारी प्रचारप्रसार र निजीक्षेत्रसँग सहकार्य अपरिहार्य देखिन्छ।

## कानुन संशोधनका प्रस्ताव



काठमाडौं/सोमबार बसेको बजेट अधिवेशनको पहिलो बैठकमा सरकारले सिफारिस गरेका आठ वटा अध्यादेश प्रतिनिधिसभामा पेश गरिएको छ। राष्ट्रपतिबाट जारी भएका ती अध्यादेशहरुमा सार्वजनिक खरिद (दोस्रो संशोधन) अध्यादेश, सार्वजनिक पदाधिकारीको पदमुक्ति सम्बन्धि विशेष व्यवस्था अध्यादेश, संवैधानिक परिषद् (पहिलो संशोधन) अध्यादेश र सम्पत्ति शुद्धीकरण (तेस्रो संशोधन) अध्यादेश छन्।

केही नेपाल ऐन संशोधन सम्बन्धि अध्यादेश, सहकारी (पहिलो संशोधन) अध्यादेश, स्वास्थ्य विज्ञान प्रतिष्ठानसम्बन्धि ऐन संशोधन अध्यादेश तथा विश्व विद्यालय सम्बन्धि केही नेपाल ऐन संशोधन अध्यादेश पनि पेश भएका छन्।

यी अध्यादेशहरु विभिन्न क्षेत्रका कानुनी व्यवस्था अद्यावधिक गर्न तथा प्रशासनिक प्रक्रियालाई सहज, छिटो, छरितो र फाष्ट ट्र्याकमा ल्याउन ल्याइएको बताइएको छ।

# समस्याग्रस्त सहकारीको बचतफिर्ताका लागि एकीकृत कोष



काठमाडौं/सरकारले समस्याग्रस्त सहकारी संस्थामा जनताले जम्मा गरेको बचतफिर्ता गर्न एकीकृत बचतकर्ता सुरक्षण कोष स्थापना गर्ने घोषणा गरेको छ। राष्ट्रपति रामचन्द्र पौडेलले सोमबार संसद्को संयुक्तसभामा प्रस्तुत आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रममा यस्तो व्यवस्था सार्वजनिक गरेका हुन्।

सरकारले सहकारीहरुको कर्जा असुली र सम्पत्ति बिक्रीबाट प्राप्त रकम उक्त कोषमा जम्मा गरी बचत फिर्ताका लागि प्रयोग गर्ने जनाएको छ। यसअघि नै समस्याग्रस्त सहकारीका लागि रिभल्भिङ कोष स्थापना भइसकेको छ, जसमा २५ करोड विउपुँजी विनियोजन गरिएको छ। सहकारी संस्थाको नियमन र प्रभावकारी व्यवस्थापनका लागि राष्ट्रिय सहकारी नियमन प्राधिकरणलाई सुदृढ बनाइने पनि सरकारले घोषणा गरेको छ।

सरकारले आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रममा कर प्रणाली पुनरावलोकन गर्ने घोषणा गरेको छ। आर्थिक गतिविधि विस्तार लगानी प्रवर्द्धन तथा करदातामैत्री वातावरण निर्माण गर्ने उद्देश्यसहित सरकारले कर संरचनामा सुधारको नीति अघि सारेको हो। सरकारले उद्यमी व्यवसायी र मध्यमवर्गीय परिवारमाथि बढ्दो आर्थिक बोझ कम गर्ने प्रतिबद्धता पनि व्यक्त गरेको छ।

नीति तथा कार्यक्रममा कर प्रणालीलाई सरल, पारदर्शी र व्यवहारिक बनाइने उल्लेख गरिएको छ। उत्पादनमूलक क्षेत्रलाई प्रोत्साहन गर्ने, निजीक्षेत्रको मनोबल बढाउने तथा रोजगारी सिर्जनामा सहयोग पुग्ने गरी करका दर र दायरामाथि पुनरावलोकन गरिने सरकारको तयारी छ। सरकारले साना तथा मझौला उद्यमलाई विशेष प्राथमिकता दिने संकेत गर्दै कर प्रशासनलाई प्रविधिमैत्री र झन्झटरहित बनाउने नीति पनि अघि सारेको छ। आर्थिक मन्दी, बढ्दो महंगी र उपभोग क्षमतामा आएको गिरावटबीच सरकारको घोषणालाई व्यवसायी तथा मध्यम वर्गीय समुदायले चासोसाथ हेरेका छन्।

सरकारले स्टार्टअप नेपाल पोर्टलमार्फत् एकै दिनमा कम्पनी दर्ता, कर छुट, विउपुँजीलगायत सेवा प्रदान गर्ने घोषणा गरेको छ। आगामी आर्थिक वर्ष २०८३/०८४ को नीति तथा कार्यक्रम प्रस्तुत गर्दै राष्ट्रपति पौडेलले ग्रामीण अर्थतन्त्रको पुनर्जीवन र कृषिलाई सम्मानजनक उद्यमशील व्यवसायका रुपमा स्थापित गर्न बहुपक्षीय लगानी प्रवर्द्धन गरिने बताए।

उत्पादन वृद्धि, लागत न्यूनीकरण र खाद्यान्न आत्मनिर्भरता लागि नीतिमा सुधार र प्याकेजमा आधारित उत्पादन प्रणालीमार्फत् कृषिमा यान्त्रिकीकरणलाई तीव्रता दिइने बताएका उनले विशिष्टीकृत उत्पादन क्षेत्र विकास गरी कृषि उत्पादनलाई उद्योग र बजारसँग जोड्दै वैदेशिक रोजगारीबाट फर्किएका जनशक्तिलाई कृषिउद्यममा आकर्षित गरिने बताए। बाली लगाउनुअघि नै कृषिबालीको न्यूनतम् समर्थन मूल्य तोकी प्रभावकारीरुपमा कार्यान्वयन गरिने उनले बताए।

सरकारले स्वास्थ्य बिमा कार्यक्रमको पुनर्संरचना गर्ने घोषणा गरेको छ। मुलुकको स्वास्थ्य प्रणालीलाई एकीकृत सेवा मोडलमा लैजाने, स्वास्थ्य सेवा लागत प्रभावकारी र नागरिकमैत्री बनाउने गरी सबै स्थानीय तहमा आधारभुत अस्पतालसम्मको पहुँच सुनिश्चित गरिनेछ। सामुदायिक स्वास्थ्यकर्मी, महिला स्वास्थ्य स्वयम्सेविकाको क्षमता संख्या र सेवा दायरा विस्तार गर्ने पनि नीति तथा कार्यक्रममा उल्लेख छ।

टेलिहेल्थमार्फत् दुर्गम क्षेत्रका नागरिकलाई विशेष परामर्श सेवा उपलब्ध गराइने, रोग निगरानी र नियन्त्रणका लागि सेन्टर फर डिजिटल कन्ट्रोल तथा स्वास्थ्य सेवा गुणस्तर बनाउका लागि राष्ट्रिय स्वास्थ्य प्रत्यायोजन प्राधिकरण गठन गरिने उल्लेख छ। संघीय तहमा जैविक अध्ययन र महामारी नियन्त्रण क्षमता बढाउनका लागि राष्ट्रिय जैविक अध्ययन प्रयोगशाला स्थापना गरिनेछ। क्यान्सर तथा नसर्ने रोग नियन्त्रण र रोकथामका लागि उपचारभन्दा रोकथाम, जनचेतना, नियमित परीक्षण र जीवनशैलीमा आधारित रणनीति कार्यान्वयन गरिने उल्लेख छ।

मानसिक स्वास्थ्यलाई सार्वजनिक स्वास्थ्यको अभिन्न अंगका रुपमा मान्दै राष्ट्रिय मानसिक स्वास्थ्य नीति कार्यान्वयन, योग, ध्यान र सामुदायमा आधारित स्वास्थ्य कार्यक्रमको विस्तार तथा प्रवर्द्धन गरिने विषय पनि कार्यक्रममा समावेश छ। अपांगता पुनर्स्थापनाका लागि अत्याधुनिक केन्द्र स्थापना तथा बौद्धिक अपांगता भएका बालबालिकालाई सहायक प्रविधिसहित विशेष कार्यक्रम सञ्चालन गरिने नीति तथा कार्यक्रममा उल्लेख छ।

# वनक्षेत्रमा क्रसर सञ्चालन गर्ने फरार

काभ्रे/तेमाल गाउँपालिका स्थित राष्ट्रिय वनक्षेत्र र सार्वजनिक जग्गा अतिक्रमण गरी सञ्चालन गरिएको हेन्जेन दोर्जे क्रसर उद्योग विरुद्ध वनमुद्धा दर्ता भएको करिब एक महिना बितिसक्दा पनि मुख्य सञ्चालकहरु पक्राउ परेका छैनन्। उद्योग सञ्चालक तेमाल-२ का शंकरमान तामाङ, शान्ति लामा र पाँचखाल-११ का मुकेश भनिने राम पन्त फरार भएका हुन्।

डिभिजन वन कार्यालय काभ्रेपलाञ्चोकले उद्योगका व्यवस्थापक पाँचखाल-१३ का ३१ वर्षीय किरण लामाठलोनलाई पक्राउ गरी अनुसन्धान अघि बढाएको छ। वन ऐन, २०७६ को दफा ५८ को उपदफा २ बमोजिम उनीहरुविरुद्ध पक्राउ अनुमति जारी गरिएको जिल्ला अदालत काभ्रेपलाञ्चोकका सूचना अधिकारी अक्षय दनुवारले बताए। डिभिजन वन कार्यालयले तयार गरेको प्रारम्भिक अनुसन्धान प्रतिवेदन अनुसार उद्योगले करिब ३ दशमलव ४ हेक्टर राष्ट्रिय वन तथा सार्वजनिक जग्गा अतिक्रमण गरेको पुष्टि भएको छ।

प्रतिवेदनमा करिब १० लाख ७६ हजार ५ सय ६१ स्क्वायर फिट बराबरको ढुंगागिट्टी तथा निर्माण सामग्री उत्खनन् गरेको उल्लेख छ। अनुसन्धान टोलीका अनुसार उद्योगले ३० हजार ४ सय ८८ घनमिटर सामग्री अवैधरुपमा उत्खनन् गरेको देखिएको छ। बागमती प्रदेश सरकारले प्रतिवर्गफिट ९ रुपियाँ मूल्य निर्धारण गरेको आधारमा मात्र पनि उद्योगले करिब ९६ लाख ८९ हजार रुपियाँ बराबरको सामग्री बिक्री गरेको प्रारम्भिक निष्कर्ष छ।

स्थानीयले भने १५ वर्षदेखि निरन्तर वन अतिक्रमण र उत्खनन् हुँदै आएकाले वास्तविक क्षति यस भन्दा धेरै ठूलो रहेको दाबी गरेका छन्। उनीहरुका अनुसार वार्षिक १ करोड बढी बराबरको प्राकृतिक स्रोत दोहन भएको हुनसक्छ। 'उद्योगका सात वटा सवारीसाधन नियन्त्रणमा लिइएको छ भने क्रसर उद्योग सिल गरिएको छ,' डिभिजन वन अधिकृत केबी थापा भन्छन्-वनक्षेत्र तथा सार्वजनिक जग्गा अतिक्रमण गरी उद्योग सञ्चालन गरिएको पुष्टि भएपछि वन ऐनअनुसार कारबाही प्रक्रिया अघि बढाइएको हो।

अनुगमन प्रतिवेदनअनुसार हेन्जेन दोर्जे कम्पनी प्रालिले निजी जग्गामा सञ्चालन अनुमति लिएको भए पनि व्यवहारमा सार्वजनिक तथा वनक्षेत्रमा क्रसर र खानी सञ्चालन गर्दै आएको पाइएको छ। उद्योग सञ्चालनका लागि आवश्यक ढुंगागिट्टी उत्खनन् गरी राष्ट्रिय वनक्षेत्रमा खानीसमेत सञ्चालन गरिएको उल्लेख छ।

स्थानीयले खानी सञ्चालनका कारण तल्लो तटीय क्षेत्रका खेतबारीमा क्षति पुगेको, पानीका मुहान सुक्न थालेको तथा धुलो र ध्वनि प्रदुषणका कारण जनजीवन प्रभावित भएको गुनासो गरेका छन्।

१७ वटा घरमा प्रत्यक्ष क्षति पुगेको छ भने करिब ४ सय घरधुरी जोखिममा परेका छन्। स्थानीय विद्यालयसमेत ध्वनि प्रदुषणबाट प्रभावित भएको तथा खोलाको प्राकृतिक बहाव परिवर्तन भएको आरोप छ।

उजुरीपछि डिभिजन वन कार्यालयले वन अधिकृत, रेञ्जर, नापी कार्यालयका सर्भेक्षक तथा सुरक्षाकर्मी सम्मिलित टोली खटाएर चैत १२ गते स्थलगत् निरीक्षण गरिएको थियो।

नक्सा सिट नम्बर १५७१५३८ अन्तर्गत् पर्ने कित्ता नम्बर-६३ र १६३ भित्र वन अतिक्रमण भएको प्रतिवेदनमा उल्लेख छ।

वन ऐन, २०७६ अनुसार वनक्षेत्र अतिक्रमण गर्ने व्यक्तिलाई पाँच वर्षसम्म कैद, बिगोअनुसार जरिवाना तथा क्षतिपूर्ति असुल गर्न सकिने व्यवस्था छ।

# मानसिक स्वास्थ्य परिषद्को आवश्यकता

*सुदीप घिमिरे*

दाङकी रिता ढकाल (नाम परिवर्तन) बिगत ८ वर्षदेखि मनोविमर्शकर्ताका रूपमा काम गर्दै आउनुभएको छ। उहाँले मनोविज्ञा - नमा स्नातक तह पूरा गर्नुभएको छ र हाल त्रिभुवन विश्वविद्यालयमा 'काउन्सिलिङ साइकोलोजी' मा स्नातकोत्तर तह अध्ययनरत हुनुहुन्छ। उहाँको अनुभवले एउटा गम्भीर प्रश्न खडा गरिदिएको छ-कति पढेपछि मनोविमर्शकर्ता हुने हो ? कुन संस्थाको तालिम लिनुपर्ने हो ? कति वर्ष काम गर्नुपर्ने हो ? कसले मनो विमर्शकर्ताको पहिचान दिने हो ? यी रिताका मात्र व्यक्तिगत जिज्ञासा होइनन्, यो देशभर कार्यरत सयौं मनोविमर्शकर्ता र मानसिक स्वास्थ्यको क्षेत्रमा कार्यरत व्यक्ति तथा संस्थाहरूको साझा सवाल हो।

जीवनकथासम्बन्धि अनुसन्धानात्मक दृष्टिकोणबाट हेर्दा रिताको कथा व्यक्तिगत संघर्ष मात्र नभएर देशकै मानसिक स्वास्थ्यको संरचनागत र नीतिगत अन्योलको कथा हो। रिताको ८ वर्षे मनोविमर्श सेवाको यात्रामा तालिम, शिक्षा, अनुभव र सेवाप्रतिको समर्पण त छ, तर पेसागत पहिचानको अभावले उत्पन्न असुरक्षा उत्तिकै छ।

रिताकै साथी मनोविमर्शकर्ता सरिता थप्छिन्, “समस्या हाम्रो क्षमतामा होइन, स्पष्ट नीति र लाइसेन्सिङ प्रणालीको अभावमा हो।” हुन पनि हो, नेपालमा मानसिक र मनोसामाजिक स्वास्थ्यसम्बन्धि नीति र रणनीति भए पनि ती एकीकृत र स्पष्ट मापदण्डसहित बनेका छैनन्। जसका कारण राज्यका निकायहरू 'जसले जे भन्यो, त्यही मार्ग' मा लागिरहेका छन्। फरक-फरक शैक्षिक मापदण्ड र योग्यताका आधारमा विज्ञापन खुल्ने तथा तालिम नलिएका व्यक्तिहरूलाई समेत मनोविमर्शकर्ताका रूपमा नियुक्ति दिने काम भइरहेका छन्।

हाल 'एमफिल क्लिनिकल साइकोलोजी' पूरा गरेकालाई मात्र नेपाल स्वास्थ्य व्यवसायी परिषद्मार्फत् लाइसेन्स प्राप्त गर्ने व्यवस्था छ। अन्य मनोविमर्शकर्ता, विद्यालय मनोविमर्शकर्ता वा मनो सामाजिक कार्यकर्ताहरू भने पर्याप्त पढाइ र अनुभव भए पनि राष्ट्रिय मापदण्डविना नै कार्यरत छन्। यसले सेवाको गुणस्तर, पेसागत उत्तर दायित्व र सेवाग्राहीको सुरक्षामा प्रश्न उठाउँछ। साथै, प्रकाशित विज्ञापनहरूमा शैक्षिक योग्यता, अनुभव र तालिमको मापदण्ड फरक-फरक बनाइँदा थप अन्योल सिर्जना भएको छ।

नेपालमा हाल मनोसामाजिक कार्यकर्ता (केही दिनदेखि हप्ता दिनको तालिम लिएका), मनोविमर्शकर्ता (७८० घण्टाको तालिम लिएका), विद्यालय मनोविमर्शकर्ता, सामाजिक कार्यकर्ता, स्नातकोत्तर गरेका मनोविद्, मनोरोग नर्सहरू सक्रिय छन्, तर सबैलाई औपचारिक लाइसेन्स वा मान्यता दिइएको छैन। रिता जस्तै धेरैले सरकारी, गैर सरकारी वा निजी संस्थामार्फत् सेवा दिइरहेका छन्, तर उनीहरूको कार्यक्षेत्र, अधिकार र पेसागत जिम्मेवारी अस्पष्ट छ।

छिमेकी मुलुक भारतले गत वर्ष मानसिक स्वास्थ्य सेवा, अधिकार संरक्षण र स्वास्थ्य प्रणालीभित्र उपचारको पहुँच सुनिश्चित गर्ने कानुनी रूपरेखा बनाई लागू गरेको छ। जसमा ५६ प्रकारका पेसाकर्मी, स्वास्थ्य सेवाप्रदायक र विद्यार्थीहरूलाई समेटिएको छ। यसलाई १० फरक क्षेत्रमा विभाजन गरिएको छ। सामुदायिक हेरचाह र व्यवहार सम्बन्धि विज्ञानभित्र मनोविद्, व्यवहार विश्लेषक, एकीकृत व्यवहार स्वास्थ्य मनोविमर्शकर्ता, स्वास्थ्य शिक्षा परामर्शकर्ता, सामाजिक कार्यकर्ता, एचआईभी मनोविमर्शकर्ता, मानसिक स्वास्थ्य सहयोगी र नैदानिक सामाजिक कार्यकर्ता भनी वर्गीकरण गरिएको छ।

समुदायमा हुने लाञ्छनाबाट बच्न त्यहाँ 'मानसिक स्वास्थ्य' भन्दा 'व्यवहारजन्य स्वास्थ्य' लाई बढी जोड दिइएको छ। यी सबैलाई विशिष्ट विशेषज्ञ र प्राविधिक वा



सहयोगी स्तर भनी वर्गीकरण गरिएको छ। हरेक पदको शैक्षिक योग्यता, तह र तालिम स्पष्ट रूपमा उल्लेख छ। सबै पेसालाई राष्ट्रिय आयोग र पेसागत परिषद्ले सूचीकरण गर्ने गर्दछ। काम गर्ने क्षेत्रहरू समुदाय, विद्यालय र अस्पताल तोकिएका छन्। मनोरोग चिकित्सक र क्लिनिकल मनोवैज्ञानिकलाई 'भारतीय पुन:स्थापनासम्बन्धि ऐन १९९२' ले नियमन र व्यवस्थापन गर्दछ, जसले अस्पताल र चिकित्सा क्षेत्रलाई बढी समेटेको पाइन्छ।

भारतको नीतिलाई केलाउँदा हरेक क्षेत्रमा कार्यरत मनोविमर्शकर्ता वा मनोविद्को शिक्षा, तालिम र कर्तव्य स्पष्ट छ। नेपालमा पनि भारतमा जस्तै फरक-फरक शैक्षिक पृष्ठभूमि भएका जनशक्ति परिचालित छन्, तर उनीहरूलाई राज्यले एकीकृतरूपमा सूचीकरण गर्ने, तालिम र सुपरिवेक्षण गर्ने संयन्त्र छैन। भारतमा सामान्य प्राथमिक मनोवैज्ञानिक सहयोगको तालिम लिएकालाईसमेत 'मानसिक स्वास्थ्य सहयोगी' भनी पहिचान दिइएको पाईन्छ।

भुटानमा अलग्गै मानसिक स्वास्थ्यसम्बन्धि कानुन नभए पनि यसलाई सामान्य स्वास्थ्य सेवासँग जोडिएको छ। क्लिनिकल परामर्शकर्ता, विद्यालय परामर्शकर्ता र मानसिक स्वास्थ्य कार्यकर्ताजस्ता भूमिकाहरू स्वास्थ्य संरचनामा समावेश छन्। सबै स्वास्थ्य संस्थाहरूमा मानसिक स्वास्थ्य सेवा उपलब्ध छ। नागरिक समाजका संस्थाहरूले जिल्लास्तरमा समुदायमा मनोसामाजिक सहयोग गर्ने जिम्मेवारी पाएका छन्। विशेषज्ञ सेवाहरू थिम्पुस्थित जिग्मे दोर्जी वाङचुक राष्ट्रिय अस्पतालबाट प्रदान गरिन्छ।

# महंगो हवाईभाडा र कनेक्टिभिटी कमजोर

काठमाडौं/नेपालको पर्यटन क्यालेन्डरमा अप्रिल महिना पर्वतारोहण र पदयात्राका लागि गोल्डेन सिजन मानिन्छ। तर, सन् २०२६ अप्रिल महिनाको तथ्यांकले पर्यटन क्षेत्रमा निराशा ल्याएको छ।

नेपाल पर्यटन बोर्डले सार्वजनिक गरेको पछिल्लो तथ्यांक अनुसार यस वर्षको अप्रिलमा पर्यटक आगमन अघिल्लो वर्षको तुलनामा घटेको छ।

सन् २०२६ को अप्रिल महिनामा कुल १ लाख ७ हजार ९ सय ३४ जना पर्यटक नेपाल भित्रिएका छन्। गत वर्ष अप्रिलमा १ लाख १६ हजार ४ सय ९० पर्यटकले नेपाल भ्रमण गरेका थिए। यी दुई वर्षको तथ्यांकलाई तुलना गर्दा यस वर्ष पर्यटक आगमन संख्यामा ७.३४ प्रतिशत् कमी आएको देखिन्छ। गत वर्षको तुलनामा यस वर्ष ८ हजार ५ सय ५६ जना कम पर्यटक नेपाल आएका हुन्। कोभिडपूर्वको सामान्य वर्ष सन् २०१९ को अप्रिल (१,०९,३९९ पर्यटक) सँग तुलना गर्दा पनि यस वर्ष १.३३ प्रतिशत् गिरावट देखिएको छ। पर्वतारोहण र पदयात्राको मुख्य सिजनमै पर्यटक आगमन कम हुनुका पछाडि महंगो हवाईभाडा र कनेक्टिभिटी नै प्रमुख रहेको पाइएको छ। अन्तर्राष्ट्रिय उडानको भाडामा भएको अस्वभाविक वृद्धिले गर्दा पश्चिमा मुलुकका पर्यटकका लागि नेपाल महंगो गन्तव्य बन्न पुगेको छ। विशेषगरि युरोप र अमेरिकाबाट आउने लामो दुरीका पर्यटकले हवाई महंगीका कारण अन्य विकल्प रोजेका छन्।

विश्व आर्थिक मन्दीले गर्दा पनि युरोप र अमेरिकामा देखिएको आर्थिक सुस्तता र मुद्रास्फीतिका कारण मानिसहरुको खर्च गर्ने क्षमतामा ह्रास आएको पर्यटन व्यवसायीहरुले बताएका छन्। यसले गर्दा उनीहरुले विलासिताका भ्रमण कटौती गरेका छन्। क्षेत्रीय प्रतिस्पर्धामा भियतनाम, थाइल्याण्ड र भारत जस्ता छिमेकी मुलुकले आक्रामक र सस्तो पर्यटन प्याकेज ल्याउँदा नेपालको साहसिक पर्यटनले कडा प्रतिस्पर्धा खेप्नुपरेको छ।

नेपालको पर्यटन क्षेत्रमा पूर्वाधारको समस्या कायम रहँदा मुख्य पर्यटकीय राजमार्गको जीर्ण अवस्था र आन्तरिक उडानमा हुने अनिश्चितताले पनि पर्यटकहरुमा नकारात्मक प्रभाव पारेको देखिएकोले नेपाल सरकार गम्भीर बन्न जरुरी छ।


## मोटरसाईकल हरायो

मिति २०८३ बैशाख २६ गते शनिवार हेटौडा-५ पहिलो पाईला मन्टेश्वरी स्कूल अगाडिको घरअगाडिबाट रातको अन्दाजी १:५५ बजे पार्किङ गरिराखेको मेरो निम्न व्यहोरा भएको मोटरसाईकल हराएको हुनाले पाउनु हुने वा देख्नुहुने महानुभावले नजिकको प्रहरी कार्यालय वा तल दिइएको ठेगाना वा सम्पर्क नम्बरमा जानकारी गराई दिनु भएमा उचित पुरस्कार टक्र्याउनेछु।


**सवारी धनीको नाम** : बालकृष्ण पुडासैनी
**ठेगाना** : भिमफेदी गापा-५, मकवानपुर
**सवारी नं.** : बा.प्र.३-०३-००१ प. २८५७ (कालो पल्सर २०० एनएस)
**च्याचिस नम्बर** : MD2A36FY5KCC85224
**इञ्जिन नम्बर** : JYLCKC30618
**सम्पर्क नम्बर** : ९८४९९६८०४७







## आकर्षक जग्गा सस्तो मुल्यमा बिक्रीमा




आवास, संघ/संस्था तथा उद्योगको लागि उपयुक्त जग्गा तपाईको मुल्यमा पाउनु हुनेछ। स्थान: रातोमाटे भोर्ले।
**सम्पर्क नं.** : ९८४५०२८५०८, ९८४५०३१३४७

# कृषिक्षेत्रको योगदान ऋणात्मक

सन्देश संवाददाता

काठमाडौं/देशभित्र एक निश्चित समयावधि (सामान्यतया एक वर्ष) मा उत्पादन भएका सबै अन्तिम वस्तु तथा सेवाको कुल मौद्रिक मूल्यको योग कुल गार्हस्थ्य उत्पादन हो। नेपालको कुल गार्हस्थ्य उत्पादन (अर्थतन्त्र) को अध्ययन तथा अनुसन्धानबाट देशको आर्थिक अवस्था, संरचना, स्रोत तथा साधन, उत्पादन प्रणाली, आय तथा व्यय, रोजगारी, विकास, आर्थिक चुनौती र अवसर आदि बुझ्न महत्वपूर्ण सहयोग पुगेको हुन्छ।



अर्थतन्त्र कृषि, सेवा र सीमित उद्योगको क्षेत्रमा आधारित रहे पनि संघीय शासन प्रणाली, राजनीतिक परिवर्तन, विश्वव्यापीकरण, अन्तर्राष्ट्रिय आर्थिक नीतिजस्ता बहुआयामिक प्रभावले अर्थतन्त्रको बनावटमा गहिरो प्रभाव पारेको छ। अर्थतन्त्रका दबाब र प्रभावहरुको यथार्थपरक विश्लेषण गरी नीति निर्माता, योजनाविद् तथा अनुसन्धान कर्तालाई मार्ग प्रदान गर्न एल, यु र भी आकारको आर्थिक बनावटको अध्ययन तथा विश्लेषणमार्फत् अर्थतन्त्रका समस्या समाधानका लागि उपयुक्त विधि एवम् पद्धति पहिचान गर्न सहयोग पुग्ने देखिन्छ।

*कुल गार्हस्थ्य उत्पादनको स्वास्थ्य*

नेपालमा औपचारिक आर्थिक अध्ययनको सुरुवात २०१३ मा पहिलो पञ्चवर्षीय योजना लागु भएपश्चात् आर्थिक तथ्यांक संकलन, राष्ट्रिय आयको मापन र विकास सूचकहरुको प्रयोग भएको हो। पछिल्लो समय अर्थतन्त्रको अध्ययन तथा अनुसन्धान केन्द्रीय तथ्यांक विभाग, नेपाल राष्ट्र बैंक, राष्ट्रिय योजना आयोग, विश्वविद्यालयलगायत विभिन्न अनुसन्धान संस्थाहरुले कुल गार्हस्थ्य उत्पादनको विशेषत: लगानी, उत्पादन, आय, व्यय, गरिबी, आयात, निर्यात, खर्च आदिको गणना, अध्ययन, अनुसन्धान, पुनरावलोकन, मापन, मूल्यांकन, प्रतिवेदनजस्ता कार्य गर्दै आएको पाइन्छ।

आर्थिक अध्ययनबाट प्राप्त तथ्य, विधि, विश्लेषण र सुझावहरुका आधारमा वार्षिक बजेट, मौद्रिक नीति, व्यापार तथा लगानी नीति, गरिबी न्यूनीकरण रणनीतिजस्ता विविध नीति, विधि, योजना र रणनीतिहरुको तर्जुमा गर्दै आएको देखिन्छ। नेपालका पञ्चवर्षीय योजना, आवधिक योजना, दीर्घकालीन विकासका लक्ष्य आदि आर्थिक अध्ययनको आधारमा निर्माण गरिएका हुन्छन्। कृषि, जलविद्युत्, पर्यटन, वन, शिक्षा, स्वास्थ्य, मानव संसाधनजस्ता क्षेत्रको सम्भावना, समस्या र समाधान आर्थिक अध्ययन तथा अनुसन्धानले उजागर गरेको हुन्छ।

कुल गार्हस्थ्य उत्पादनको आकार झन्डै ६६ खर्ब पुगे पनि समय समयमा देखापर्ने समस्या, प्रभाव र दबाबले अर्थतन्त्रको अपेक्षाकृत वृद्धि हुन सकेको छैन। भुकम्प, कोभिड महामारी, अन्तर्देशीय द्वन्द्व, पेट्रोलियम पदार्थ, कृषिजन्य उत्पादन, कच्चा पदार्थलगायत मूल्यमा भइरहने उतार चढावले बजारमा महंगी, बेरोजगारी, गरिबी, रेमिटेन्स आप्रवाह, मुद्रास्फीति, आयात तथा निर्यात समेतमा चाप सिर्जना भएको छ।

मुलुकको आर्थिक अवस्था बारे जानकारी राख्न, सबल तथा दुर्बल पक्षको पहिचान गर्न, विभिन्न परिसूचकको जानकारी प्राप्त गर्न, अर्थतन्त्रको गति, आयतन तथा गतिको जानकारी लिन, योजनाको तर्जुमा तथा कार्यान्वयन गर्न, स्रोत परिचालन, पूर्वानुमान, सम्बन्धित पक्षलाई उत्तरदायी बनाउनका लागि बैंक तथा वित्तीय संस्थाको प्रगतिले दिशानिर्देश गर्ने भएकाले मुलुकका आर्थिक नीति, वित्तीय नीति र मौद्रिक नीति यस दिशातर्फ केन्द्रित हुनु जरुरी छ।

*आर्थिक बनावट :*

अर्थतन्त्रको उन्नति र अवन्नति एवम् सबल र असहज अवस्थाले मुलुकको कुल गार्हस्थ्य उत्पादन मन्दी, स्थिरता र पुनरुत्थानको चरणबाट दोहोरिरहेको छ। भुकम्प, महामारी, राजनीतिक अस्थिरता, आपूर्ति शृंखलामा अवरोध, आयात निर्भरता, न्यून लगानी जस्ता कारण कुल गार्हस्थ्य उत्पादनको वृद्धिदरमा तीव्र गिरावट आएकाले यस अवधिमा अर्थतन्त्रको वृद्धिदर न्यूनस्तरमा झरेको हुँदा यु आकार (बनावट) को तल्लो भागमा पुगेको थियो। पछिल्लो वर्षमा आर्थिक गतिविधि क्रमश: सुधार हुँदै पर्यटन, रेमिटेन्स, ऊर्जाजस्ता क्षेत्रमा पुनरुत्थान र सरकारी पुँजीगत् खर्चमा सुधार तथा निजीक्षेत्रको गतिविधि विस्तारका कारण अर्थतन्त्र बढ्न थालेकाले गिरावटपछि पुन: उकालो लाग्ने चरणमा प्रवेश गरेको संकेत छ।

अर्थतन्त्रको वृद्धिदरको बनावट यु आकारअनुसार अघि बढिरहेको र मुलुकमा नीतिगत् स्थिरता, उत्पादनमुखी लगानी, रोजगारी सिर्जना, संरचनागत सुधारलगायतमा निरन्तरता भएमा यु आकारको पुनरुत्थान दीर्घकालीन र दीगो आर्थिक वृद्धिमा रुपान्तरण हुनसक्ने देखिन्छ। तसर्थ, यु आकार आर्थिक बनावट भन्नाले अर्थतन्त्र पहिले घट्ने, केही समयसम्म न्यूनस्तरमा स्थिर रहने अनि बिस्तारै पुन: बढ्ने अवस्थालाई जनाउँछ।

भी आकारको आर्थिक बनावट भनेको अर्थतन्त्र छिटो ओरालो लाग्ने तर तुरुन्तै तीव्रगतिमा पुन: उकालो लाग्ने अवस्था हो। यस अवस्थामा मन्दी छोटो समयको हुने, सरकारी हस्तक्षेप र नीतिगत् सहयोग प्रभावकारी कार्यान्वयन हुन गइ उपभोग र उत्पादन छिटो बढ्ने हुन जान्छ।

एल आकारको आर्थिक वृद्धि भन्नाले अर्थतन्त्र एकपटक गहिरो रुपमा खस्किएपछि लामो समयसम्म पुन:उकालो नलाग्ने अवस्थालाई जनाउँछ। यस अवस्थामा दीर्घकालीन आर्थिक जडता, उच्च बेरोजगारी, लगानी र उत्पादन कमजोर हुनजान्छ। यसरी एल, यु र भी आकारको आर्थिक बनावट छ।

यसरी अध्ययन गर्दा यु आकारको अवस्था तुलनात्मकरुपमा सकारात्मक, भी आकारको मध्यम र एल आकार सबभन्दा जोखिमपूर्ण मान्न सकिन्छ। नेपालको अर्थतन्त्रको सन्दर्भमा हालको अवस्था पुनरुत्थान यु आकारको बनावटमा अघि बढिरहेको हुँदा उक्त अवस्थालाई दीर्घकालीन र दीगो बनाउन प्रभावकारी नीतिगत्, संरचनागत् र व्यवहारात्मक सुधार आवश्यक छ।

*अर्थतन्त्रको क्षेत्रगत् संरचना :*

अर्थतन्त्रको क्षेत्रगत् संरचनालाई तीन मुख्य सेवा, कृषि र उद्योग क्षेत्रमा विभाजन गरी अध्ययन गर्न सकिन्छ। कुल गार्हस्थ्य उत्पादनको क्षेत्रगत् संरचनामा सेवाक्षेत्र प्रमुख, कृषि क्षेत्र जनसंख्या केन्द्रित र उद्योग क्षेत्र कमजोर छ। कृषिक्षेत्र नेपालको परम्परागत् र आधारभुत क्षेत्र भएकाले यस क्षेत्रमा ठूलो जनसंख्याको आबद्धता रहेको, खाद्यान्न, पशुपालन, नगदे बाली उत्पादन गर्दछ। कुल गार्हस्थ्य उत्पादनको क्षेत्रगत् संरचनामा प्राथमिक (कृषि) क्षेत्र २४.५ प्रतिशत्, द्वितीय (उद्योग) क्षेत्र १३.७ प्रतिशत् र तृतीय (सेवा) क्षेत्र ६१.८ प्रतिशत् योगदान पुगेको देखिन्छ। गैरकृषि क्षेत्रको योगदान धनात्मक देखिए पनि कृषिक्षेत्रको योगदान ऋणात्मक देखिँदै गएको छ।

कुल गार्हस्थ्य उत्पादनमा कृषिक्षेत्र (प्राथमिक क्षेत्र) मा अधिक जनसंख्या आबद्ध रहेकाले यस क्षेत्रलाई रोजगारीको प्रमुख क्षेत्र मानिन्छ भने उद्योग क्षेत्र (द्वितीय क्षेत्र) मा निर्माण, खानी, आयात, निर्यात आदि उपक्षेत्रहरु समावेश गरिएको भए पनि यस क्षेत्रको विकास तथा विस्तार कमजोर हुँदा अर्थतन्त्रमा यस क्षेत्रको योगदान कमजोर छ। सेवाक्षेत्रले अधिक योगदान छ भने यस क्षेत्रमा व्यापारी, पर्यटन, बैंकिङ, रेमिटेन्स, यातायात, सञ्चार, शिक्षा, स्वास्थ्यजस्ता उपक्षेत्र समावेश हुन्छन्। समग्रतामा मुलुकको क्षेत्रगत् संरचनाको अवस्था अध्ययन गर्दा बिगत केही वर्षदेखि कुल गार्हस्थ्य उत्पादनमा कृषि र उद्योग क्षेत्रको योगदान क्रमश: घट्दै गएको र सेवाक्षेत्रको योगदान बढ्दै गएको भए पनि सेवाक्षेत्रले उत्पादनतर्फ जोड दिन नसकेको विभिन्न अध्ययनबाट देखिन्छ।

*आर्थिक स्वास्थ्यका समस्या :*

आर्थिक वृद्धि अस्थिर एवम् न्यून हुनु, आर्थिक वृद्धिमा उत्पादनशील क्षेत्रको योगदान कमजोर हुनु, वित्तीय क्षेत्रको साधन स्रोत पर्याप्त मात्रामा उत्पादनमूलक क्षेत्रमा लगानी नहुनु, न्यून दरको आर्थिक वृद्धि, न्यून उत्पादकत्व, औद्योगिक क्षेत्रको योगदान घट्नु, आयातमा आधारित राजस्व व्यवस्था हुनु, कमजोर निकासी र बढ्दो व्यापार घाटा हुनु, पुँजीगत् खर्चको प्रभावकारिता न्यून रहनु, पर्याप्त तयारीबिना बजेट प्रस्ताव गर्ने प्रवृत्ति देखिनु, विकास पूर्वाधारमा लगानीका लागि वित्त बचत न्यून हुनु, राजस्व परिचालन अनुमानयोग्य हुन नसक्नुले आर्थिक स्वास्थ्यमा समस्या देखिएको छ।

लक्ष्यबमोजिम राजस्व असुली हुन नसक्नु, तीव्र बसाईँसराइका कारण हिमाली, पहाडी एवम् ग्रामीण क्षेत्रको जनसंख्या घट्दो क्रम देखिनु, सामाजिक सुरक्षातर्फको खर्च बढ्नु, वैदेशिक ऋणको प्रभावकारी उपयोग नहुनु, राजस्व संकलन अपेक्षित नहुँदा प्रदेश र स्थानीय तहमा कममात्र हस्तान्तरण हुने परिस्थिति रहनु, बैंकिङ क्षेत्रको कर्जा प्रवाहलाई उत्पादनमूलक क्षेत्रमा निर्देशित गर्न नसक्नु, कर्जाको गुणस्तर र खराब कर्जालाई नियन्त्रण गर्न नसक्नु, वित्तीय सहकारीको नियमन फितलो रहनु, वैदेशिक रोजगारीलाई थप प्रतिफलमुखी बनाउन नसक्नुजस्ता विविध समस्या मुलुकको अर्थतन्त्रले बेहोरिरहेको छ।

*आर्थिक स्वास्थ्य सुधार गर्न अपनाउनुपर्ने उपाय :*

अर्थतन्त्रमा अपेक्षित सुधार गर्न, बलियो संरचना बनाउन, साधन स्रोतको असल सदुपयोग गर्न, मुद्रा बलियो बनाउन, उत्पादनदेखि रोजगारीसम्मका आर्थिक क्रियाकलापमा अभिवृद्धि गर्न, राष्ट्रिय आय बढाउन, दीगो एवम् सन्तुलित विकास गर्न दीर्घकालीन एवम् ठूला परियोजनामा लगानी बढाउनुपर्छ।

यसरी लगानी, उत्पादन, निर्यात, रोजगारसहित अर्थतन्त्रको समग्र प्रणालीमा सुधार ल्याई भी वा यु आकारको आर्थिक वृद्धि गर्न समयमै पुँजीगत् खर्च बढाउने, घटिरहेको बजार मागलाई बढाउन सार्वजनिक खर्च बढाइ थप प्रभावकारी बनाउँदै प्राथमिकीकरण गर्ने, उत्पादनमा आधारित राजस्वमा जोड दिने, ऋणको प्रभावकारी उपयोग गर्दै वित्त जोखिम कम गर्ने, ऊर्जा एवम् जलविद्युत् उत्पादन र प्रसारणमा जोड दिने, गुणस्तरीय सडकसञ्जाल निर्माण गर्ने, ग्रामीण सडकसञ्जाललाई कृषि उत्पादन र बजारीकरणसँग आबद्ध गरी आर्थिक स्वास्थ्यमा सुधार ल्याउन सकिन्छ।

प्रशासनिक खर्चमा मितव्ययिता कायम गर्दै सरकारी लगानीलाई आर्थिक पूर्वाधारमा केन्द्रित गर्ने, बहुवर्षीय ठेक्काको सहमति दिइएका आयोजनाको स्रोत व्यवस्थापन गर्ने, वैदेशिक अनुदान र सहुलियतपूर्ण ऋणलाई राष्ट्रिय प्राथमिकताका क्षेत्रमा परिचालन गर्ने, जलवायुसँग सम्बन्धित कोषहरुको परिचालनमा जोड दिने, सरकारको सञ्चित कोषलाई सन्तुलित अवस्थामा राख्ने, गैरबजेटरी मागलाई निरुत्साहित गर्ने, कर्जा प्रवाहलाई उत्पादनमूलक क्षेत्रमा परिचालन गर्ने, कर्जाको गुणस्तर बढाउने, साना तथा मझौला उत्पादनमूलक व्यवसायलाई परियोजनामा आधारित कर्जा उपलब्ध गराउने,।

वित्तीय क्षेत्रमा स्थायित्व ल्याउन वित्तीय साधनको लागत घटाइ मौद्रिक उपकरणमा लचकता अपनाउने, वित्तीय सहकारीको नियमन गर्न दोस्रो तहको नियामक संयन्त्र निर्माण गर्ने, विदेशी लगानी आप्रवाह बढाउन नीतिगत् र कानुनी सुधार गर्ने, वैदेशिक रोजगारीलाई थप प्रतिफलमुखी बनाउने, युवालाई स्वदेशमा रोजगारीका अवसर सिर्जना गर्ने जस्ता विविध उपाय कार्यान्वयनमा ल्याउन सके यु आकारको आर्थिक वृद्धि हुनसक्ने देखिन्छ।

# माागियो कम्तिमा तीन वर्षको कुलिङ पिरियड

काठमाडौं/बजेट तथा स्रोत सुनिश्चित भएपछिमात्र ठेक्का आह्वान गर्न निर्माण व्यवसायीहरुले माग गरेका छन्। विगतमा स्रोत सुनिश्चित नगरी ठेक्का खोल्दा धेरै आयोजना अलपत्र परेको भन्दै व्यवसायीहरुको संस्था नेपाल निर्माण व्यवसायी महासंघले आगामी आर्थिक वर्ष २०८३/०८४ को बजेटमा सरकारलाई सुझाव दिँदै बिनातयारी आयोजना ठेक्कामा लगाउने पद्धति हटाउन माग गरेको हो।





महासंघका अनुसार हाल धेरै ठेक्का अलपत्र पर्नुको कारक बिना तयारी ठेक्का लगाइनु हो। ती ठेक्कालाई सल्टाएर अघि बढ्नुपर्छ। मध्यपूर्व युद्धका कारण डिजेल, बिटुमिनलगायत निर्माण सामग्रीमा भएको अप्रत्याशित मूल्यवृद्धिले निर्माण उद्योग ठप्प हुने अवस्था आएको छ। सार्वजनिक खरिद ऐनअनुसार मूल्य समायोजनको स्पष्ट कार्यविधि तत्काल लागु गर्न माग गरिएको छ। निर्माण व्यवसायीलाई मासिक भुक्तानी प्रणाली लागु गरी बजारमा नगदप्रवाह बढाउनुपर्ने सुझाव पनि महासंघले दिएको छ।

महासंघ अध्यक्ष निकोलश पाण्डेले अर्थमन्त्री डा. स्वर्णिम वाग्लेलाई बुझाएको सुझावामा सडक निर्माण वा विस्तार क्रममा सडक अधिकार क्षेत्रभित्र निस्किने ढुंगा, गिटी, बालुवामा स्थानीय तहले कर उठाउने व्यवस्था हटाउन माग गरिएको छ। यसले राज्यलाई थप आर्थिक भार पर्ने र स्थानीय तहसँग विवाद बढ्ने महासंघको दाबी छ। नदीजन्य तथा खानीजन्य सामग्री उत्खनन् क्षेत्र तोकी राजस्व तिरेपछि सहजरुपमा उपलब्ध गराउनुपर्ने तथा दोहोरो कर हटाउनुपर्ने माग गरिएको छ।

महासंघले निर्माण सामग्री तथा पुराना मेसिनमा स्थानीय तहले उठाउँदै आएको कवाडी कर र रोड ट्याक्स बन्द गर्न महासंघले माग गरेको छ भने निर्माणका हेभी उपकरणलाई सवारीसाधनसरह कर लगाउनु अन्यायपूर्ण रहेको निष्कर्ष निकालेको छ। नेपाली निर्माण कम्पनीले विदेशमा ठेक्का कार्य गर्दा सम्बन्धित देशमा सम्पर्क कार्यालय खोल्न कानुनी तथा आर्थिक सहजीकरण गर्न सरकारसँग माग गरेको छ भने राज्यबाट लामो समयसम्म भुक्तानी नपाउँदा व्यवसायीले कर तिर्न नसकेको भन्दै आयकर र मूल्य अभिवृद्धि कर (भ्याट) को साँवा तिरे ब्याज, हर्जाना र जरिवाना मिनाहा गर्न माग गरिएको छ।

कर कार्यालयले एकतर्फीरुपमा गरेको कर निर्धारणलाई नियमित गर्ने अवसर दिन तथा भ्याट बिलमा भएका त्रुटिका कारण लगाइएको ब्याज-जरिवाना हटाउन महासंघले आग्रह गरेको छ। संयुक्त उपक्रम (जेभी) कम्पनीहरुको बाँकी करमा ब्याज-जरिवाना छुट गरी साँवा रकम बुझाएर प्यान खाता बन्द गर्न सहजीकरण गर्न माग गरिएको छ। सार्वजनिक निकायले भुक्तानी गर्दा काटिएको भ्याट रकम ६० दिनभित्र फिर्ता गर्नुपर्ने व्यवस्था कार्यान्वयन गर्न महासंघले माग गरेको छ। ढिलाइ भए बैंक ब्याजसहित फिर्ता दिनुपर्ने सुझाव पनि दिइएको छ।

निर्माण क्षेत्रमा प्रयोग हुने हेभी उपकरण, ट्रिपर, ट्यांकरलगायत सवारीमा भन्सार सहुलियत दिनुपर्ने तथा भन्सार दर पुन: १ प्रतिशत् कायम गर्न माग गरिएको छ। विदेशबाट ल्याइने रिकन्डिसन हेभी उपकरणाको खरिदबिक्री तथा नामसारी प्रक्रिया सरल बनाउन पनि महासंघले सरकारसँग आग्रह गरेको छ। महासंघले महालेखापरीक्षक कार्यालयले देखाउने बेरुजु प्रणालीमा सुधार आवश्यक रहेको जनाएको छ।

सार्वजनिक निकायका कारण भएको ढिलाइ, मूल्य समायोजन, स्रोतमा काटिएको कर तथा भेरिएसन स्वीकृतिमा हुने समस्या समाधान गर्न महालेखा, आयोजना र निर्माण व्यवसायीबीच संयुक्त संयन्त्र बनाउन सुझाव दिइएको छ। निर्माण व्यवसायीले हालको आर्थिक संकटलाई ध्यानमा राखी कम्तिमा तीन वर्षको 'कुलिङ पिरियड' व्यवस्था गरी कालोसूचीको प्रावधान तत्काल हटाउन माग गरेका छन्। खराब कर्जा पुनर्तालिकीकरण गर्न र जरिवाना छुट दिन पनि आग्रह गरिएको छ। चेक बाउन्स भएकै आधारमा कालोसूचीमा राख्ने व्यवस्था हटाउन तथा संयुक्त उपक्रममा एक पक्षको कारण अन्य साझेदारलाई असर नपर्ने व्यवस्था गर्न महासंघले माग गरेको छ। कृषि र जलविद्युत् सरह निर्माण क्षेत्रमा पनि बैंकहरुले कम्तिमा १५ प्रतिशत् लगानी गर्नुपर्ने प्रस्ताव महासंघले अघि सारेको छ। यसले बैंकको तरलता व्यवस्थापन र निर्माण क्षेत्र दुवैलाई फाइदा पुग्ने महासंघको विश्वास छ।

*बैंक ग्यारेन्टी नवीकरण अनिवार्य माग*

आयोजना सम्पन्न नभएसम्म बैंकले जारी गरेको ग्यारेन्टी नवीकरण गर्न अनिवार्य व्यवस्था गर्नुपर्ने सुझाव महासंघले दिएको छ भने राष्ट्र बैंकको मूल्य सूचकांक वास्तविक बजार मूल्यअनुसार हुनुपर्ने महासंघले जनाएको छ। निर्माण सामग्रीको वास्तविक मूल्यवृद्धि सूचकांकमा नदेखिएको गुनासो महासंघले गरेको छ। सीमित पुनर्बीमा कम्पनीको कार्टेलिङका कारण निर्माण बीमा महंगो भएको भन्दै बीमा क्षेत्रमा सुधार गर्न पनि महासंघले सरकारसँग माग गरेको छ।

# बजेट छरिएर खर्च हुँदा उपलब्धि कमजोर

सन्देश संवाददाता

विराटनगर/संघीयता कार्यान्वयनपछि कोसी प्रदेश सरकारले पर्यटन क्षेत्रमा करिब १० अर्ब खर्च गरिसके पनि अपेक्षित प्रतिफल प्राप्त नभएको निष्कर्ष निकाल्दै अब साना र छरिएका योजनामा बजेट नछर्ने नीति लिएको छ।



कोसीका पर्यटन, वन तथा वातावरणमन्त्री भीम पराजुलीले आफ्नो कार्यकालको सयदिने अवसरमा सार्वजनिक गरेको १०० दिनका १०० उल्लेखनीय कार्य कार्यक्रममा मन्त्रालयको आगामी रणनीति सार्वजनिक गर्दै अब परिणाममुखी, रोजगारी सिर्जना गर्ने र उत्पादनसँग जोडिएका ठूला योजनामात्र अघि बढाइने बताएका हुन्।

मन्त्रालयका सचिव डा.इन्द्र प्रसाद सापकोटाले बिगत ८ वर्षको पर्यटन लगानीको समीक्षा गर्दा खर्च अनुसार उपलब्धि नदेखिएको स्वीकार गरे। 'पर्यटन क्षेत्रमा मात्र करिब १० अर्ब खर्च भइसकेको छ,' उनले भने-तर, त्यसको प्रतिफल कहाँ छ भन्ने प्रश्नको जवाफ दिनुपर्ने अवस्था आएको छ। बजेट छरिएर खर्च हुँदा उपलब्धि कमजोर भयो।

उनका अनुसार मन्त्रालय अन्तर्गत् हाल पनि बहुवर्षीय चार आयोजनाको ३३ करोड २५ लाख दायित्व बाँकी छ भने विगतमा सुरु भएर अधुरा रहेका ६३ आयोजनालाई सम्पन्न गर्न थप करिब ३ अर्ब आवश्यक पर्ने अवस्था छ।

*२५ लाखभन्दा साना योजना बन्द*

मन्त्रालयले आगामी आर्थिक वर्षदेखि २५ लाख कम बजेटका योजना सञ्चालन नगर्ने नीति लिएको छ। मन्त्री पराजुलीका अनुसार अब टोलटोलमा पार्क, मन्दिर वा साना संरचना बनाउने शैली अन्त्य गरिनेछ। त्यस्ता योजना स्थानीय तहलाई हस्तान्तरण गरिने र प्रदेश सरकार गौरवका आयोजना, बहुवर्षीय पूर्वाधार र पर्यटन गुरुयोजनामा केन्द्रित हुने रणनीति बनाएको छ। 'प्रदेशको लगानी अब उत्पादनमूलक हुनुपर्छ। पर्यटनले रोजगारी सिर्जना गर्नुपर्छ, स्थानीय अर्थतन्त्र चलायमान बनाउनुपर्छ,' मन्त्री पराजुलीले भने।

*पाथीभरासम्म बहुवर्षीय योजना*

मन्त्रालयले विराट राजाको दरबार, हलेसी महादेव, पाथीभरा, बर्जुताललगायत प्रमुख गन्तव्यलाई बहुवर्षीय योजनामा लैजाने तयारी गरेको जनाएको छ। विराट राजाको दरबारको मास्टर प्लान तयार भइसकेको र त्यसलाई अन्तर्राष्ट्रिय स्तरको ऐतिहासिक गन्तव्यका रुपमा विकास गर्ने तयारी भइरहेको मन्त्री पराजुलीले बताए। उनले महाभारत सर्किट र रामायण सर्किट अवधारणालाई पनि अगाडि बढाइएको जानकारी दिए। रामधुनी-जनकपुर जोड्ने धार्मिक पर्यटन मार्ग र पूर्वी पहाडी क्षेत्रमा एकीकृत पर्यटकीय सर्किट विकासको अवधारणा अघि सारिएको छ।

*केबलकार र पीपीपी मोडलमा जोड*

प्रदेश सरकारले अब सार्वजनिक-निजी साझेदारी (पीपीपी) मोडलमा ठूला पर्यटन पूर्वाधार निर्माण गर्ने नीति लिएको छ। चतरा-बराह क्षेत्र केबलकार तथा तीनजुरे-मिल्के-जलजले (टीएमजे) क्षेत्रमा केबलकार निर्माण प्रदेशको प्राथमिकतामा परेको मन्त्रालयले जनाएको छ। पोखरा-विराटनगर सीधा हवाईसेवा र पर्यटकीय बस सञ्चालनका लागि पहल थालिएको छ। कोसीलाई गण्डकी, मधेश र बागमती प्रदेशसँग पर्यटन सञ्जालमार्फत् जोड्ने प्रयास पनि अघि बढाइएको छ।

*१०० दिनमा पर्यटनदेखि वन राजस्वसम्म*

मन्त्री पराजुलीले आफ्नो १०० दिने कार्यकालमा पर्यटन, वन व्यवस्थापन, जैविक विविधता संरक्षण र सुशासनका क्षेत्रमा उपलब्धि हासिल भएको दाबी गरेका छन्। मन्त्रालयका अनुसार ओखलढुंगाको हर्कपुरमा पर्यटन सूचना केन्द्र स्थापना गरिएको छ भने मुन्धुम, लालीगुराँस, फाल्गुनन्द र चियाबारि पदमार्ग गरी ४६.९ किलोमिटर पदमार्ग निर्माण तथा मर्मत गरिएको छ। मुन्धुम पदमार्गको प्रवर्द्धनका लागि क्युएफएक्स सिनेमा र बुद्ध एयरको इन-फ्लाइट म्यागजिन मार्फत् प्रचार गरिएको मन्त्रालयले जनाएको छ। वन व्यवस्थापनतर्फ प्रदेश सरकारले ६ करोड २ लाख बढी राजस्व संकलन गरेको छ। निजी वन प्रवर्द्धनअन्तर्गत् १ करोड ७ लाख क्युबिक फिट काठ बिक्री वितरण गरिएको तथा धनकुटा र पाँचथरमा स्थायी नर्सरी स्थापना गरिएको उल्लेख गरिएको छ।

*वन्यजन्तु द्वन्द्व न्यूनीकरणमा ड्रोन निगरानी*

मानव-वन्यजन्तु द्वन्द्व न्यूनीकरणका लागि झापा, मोरङ र सुनसरीमा र्‍यापिड रेस्पोन्स टिम गठन गरी ड्रोनमार्फत् निगरानी सुरु गरिएको मन्त्रालयले जनाएको छ। वन्यजन्तुबाट प्रभावित १ हजार ६६ जना पीडितलाई २ करोड १८ लाख बढी राहत वितरण गरिएको छ। झापा र सुनसरीमा ३३ किलोमिटर क्षेत्रमा सौर्य तारबार जडान तथा मर्मत गरिएको मन्त्रालयको दाबी छ।

*घन्टा बजाएर फर्किनुमात्र पर्यटन होइन:*

सचिव सापकोटाले पर्यटनलाई धार्मिक भ्रमणमा मात्र सीमित नराखी आर्थिक गतिविधिसँग जोड्नुपर्ने धारणा राखे। 'पर्यटन भनेको खर्च सिर्जना गर्ने गतिविधि हो। मानिस गन्तव्यमा पुग्दा होटल, यातायात, खाना वा अन्य सेवामा खर्च हुनुपर्छ,' उनले भने-त्यही खर्चले स्थानीय अर्थतन्त्र चलाउँछ।

*संघीय कानुन बाधक:*

पर्यटन प्रवर्द्धनका लागि विदेशमा प्रचार गर्न संघीय सरकारको नियन्त्रणमुखी नीतिले अवरोध सिर्जना गरेको गुनासो पनि प्रदेश सरकारले गरेको छ। सचिव सापकोटाले भारतीय बजार लक्षित प्रवर्द्धन कार्यक्रम सञ्चालन गर्नसमेत संघीय अनुमति आवश्यक पर्ने व्यवस्था व्यवहारिक नभएको बताए। उनले पश्चिम बंगाल, बिहार र सिलिगुडी क्षेत्रमा पर्यटक आकर्षित गर्न ब्लगर र कन्टेन्ट क्रियटर लक्षित अभियान चलाउने बताए।

# वर्षा कम भए पनि चरम मौसमी घटना

सन्देश संवाददाता

काठमाडौं/यस वर्षको मनसुन अवधिमा देशभर औसतभन्दा कम वर्षा हुने सम्भावना रहे पनि तापक्रम वृद्धि र चरम मौसमी घटनाका कारण मनसुनजन्य विपद्को जोखिम उच्च रहने आँकलन गरिएको छ। राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिरकणाले सोमबार सार्वजनिक गरेको मनसुन पूर्वतयारी तथा प्रतिकार्य राष्ट्रिय कार्ययोजना २०८३ को मस्यौदामा १९ लाखभन्दा बढी जनसंख्या प्रभावित हुनसक्ने अनुमान गरिएको हो।

मस्यौदाअनुसार उच्च हिमाली क्षेत्रमा हिमताल विस्फोटको जोखिम बढेको छ भने तराई तथा तल्लो भेगमा बाढी, पहिरो, डुबान, भुक्षय र आकस्मिक बाढीका घटना बढ्नसक्ने सम्भावना औंल्याइएको छ।

दैनिक तापक्रम वृद्धि र तातो हावाको लहरका कारण विशेषगरि दक्षिणी तराई क्षेत्र बढी प्रभावित हुनसक्ने जनाइएको छ। प्रतिवेदनमा मनसुन अवधिमा देशभर करिब चार लाख ५७ हजार १ सय ४५ घर धुरीका १९ लाख ९७ हजार ७ सय ३१ जना प्रभावित हुनसक्ने अनुमान गरिएको छ। प्रभावितमध्ये ५२ प्रतिशत् महिला हुनसक्ने जनाइएको छ। जोखिममा रहेका जनसंख्यामध्ये पाँच वर्षमुनिका बालबालिका करिब एक लाख ६४ हजार, ६० वर्षमाथिका ज्येष्ठ नागरिक चार लाख १५ हजारभन्दा बढी तथा अपांगता भएका व्यक्ति करिब ४८ हजार रहेको उल्लेख छ। प्रजनन् उमेर समूहका महिलाको संख्या उल्लेख्य रहेको प्रतिवेदनमा जनाइएको छ।

प्रदेशगत् विश्लेषणअनुसार कोशी, मधेस लुम्बिनी र सुदूरपश्चिम प्रदेशका केही जिल्लामा मनसुनजन्य विपद्को जोखिम तुलनात्मकरुपमा बढी देखिएको छ। विपद् पूर्वतयारी तथा उद्धार व्यवस्थापनलाई प्रभावकारी बनाउन प्रदेश र स्थानीय तहलाई जोखिम विश्लेषणका आधारमा तयारी गर्न आग्रह गरिएको छ। प्राधिकरणका उपसचिव रामबहादुर केसीले मनसुनजन्य विपद्बाट हुने क्षति न्यूनीकरणका लागि पूर्वसूचना प्रणाली, सुरक्षित स्थानको पहिचान, राहत सामग्री तयारी तथा उद्धार संयन्त्रलाई चुस्त बनाउन सम्बन्धित निकायलाई निर्देशन दिएको जानकारी दिएका छन्।

जल तथा मौसम विज्ञान विभागले मनसुन अवधिमा नेपालमा सरदरभन्दा कम वर्षा हुने र तापक्रम बढ्ने प्रक्षेपण गरेको छ। विभागका अनुसार यस वर्ष कर्णाली प्रदेशका दक्षिणी भुभाग, लुम्बिनी प्रदेशका अधिकांश क्षेत्र, मधेस प्रदेशका पूर्वी भुभाग तथा कोशी प्रदेशका दक्षिणी क्षेत्रमा सरदरभन्दा कम वर्षा हुने सम्भावना ५५ देखि ६५ प्रतिशत् छ। सुदूरपश्चिम प्रदेशका अधिकांश भुभाग, मधेश प्रदेशका पश्चिमी

## आकर्षक घडेरी बिक्रीमा

हेटौंडा-२, जिल्ला प्रशासन कार्यालय, मकवानपुरबाट करिव २०० मिटर पुर्वतर्फ वनस्खण्डी टोलमा रहेको १३ धुरको २ टुक्रा घडेरी बिक्रीमा छ। ईच्छुक खरिद कर्ता महानुभावले सम्पर्क गर्नु होला। आधा नगद र आधा हेटौंडा नजिकको जग्गासंग साट्नसमेत सकिनेछ।

**सम्पर्क नम्बर : ९८४५१२३३६६**

## ब्लु हेवन टेलर्स सरेको सूचना

हेटौंडाको पुरानो लोकप्रिय **ब्लु हेवन टेलर्स** सडक बिस्तारका क्रममा मेनरोडबाट कान्तिराजपथको **शाक्य प्लाजा** मा सरेको जानकारी गराउंदछौं।

सदाभैं यहांहरुको माया र सद्भाव पाईरहने आशासमेत गरेका छौं।





प्रकाशक: केदारप्रसाद न्यौपानेद्वारा हेटौंडा सन्देश दैनिकका लागि प्रकाशित/मुद्रित: सन्देश छापाखाना ।। कार्यालय: हेटौंडा-२ मानस चोक ।। फोन: ०५७-५२२२३७, ५२४२३६, ।। E-mail: htd.sandesh@gmail.com, ।। सम्पादक: माधव न्यौपाने